# कर बुलेटिन
Tax Bulletin

http://www.ird.gov.np

आन्तरिक राजस्व विभागको मासिक प्रकाशन

वर्ष २, अङ्क १३, २०७२ असार Vol 2, Issue 13, July 2015


## राजस्व संकलन १२ प्रतिशतले वृद्धि

काठमाडौं। आर्थिक वर्ष २०७१/०७२ जेठ मसान्तसम्मको राजस्व संकलनमा गत वर्षको सोही अवधिको तुलनामा करिब १२ प्रतिशतले वृद्धि भएको छ। आर्थिक वर्ष २०७१/०७२ जेठ महिनासम्मको राजस्व संकलनको लक्ष्य रु. १ खर्व ४० अर्व २७ करोड ८० लाख ८६ हजार रहेकोमा रु. १ खर्व ३१ अर्व ५ करोड १४ लाख २१ हजार संकलन भई

Sector wise Revenue Collection (upto 2072 Jestha)

| Sector | Target (Rs bn) | Collection (Rs. bn) | Achieve-ment (%) | Growth Rate (%) |
|---|---|---|---|---|
| Income Tax | 62.17 | 61.43 | 99 | 114 |
| Rental Income Tax | 4.35 | 2.07 | 48 | 112 |
| Interest Income Tax | 7.14 | 5.59 | 78 | 99 |
| Total Income Tax | 73.67 | 69.10 | 94 | 112 |
| VAT (domestic) | 36.69 | 34.98 | 95 | 114 |
| Excise (domestic) | 28.97 | 26.00 | 90 | 107 |
| Education Service Fee | 0.45 | 0.42 | 93 | 106 |
| Health Service Tax | 0.48 | 0.54 | 112 | 129 |
| Grand Total | 140.28 | 131.05 | 93 | 112 |
| Deficit in collection: Rs 9.23 bn | | | | |

लक्ष्यको तुलनामा ९३ प्रतिशतको प्रगति भएको छ। शिर्षकगत रूपमा हेर्दा आयकर तर्फ रु. ६९ अर्व १० करोड ६७ लाख २८ हजार, मूल्य अभिवृद्धि कर रु. ३४ अर्व ९८ करोड १७ लाख ११ हजार र अन्त:शुल्क तर्फ रु. २६ अर्व २० लाख ४९ हजार संकलन भएको छ। सो रकम लक्ष्यको तुलनामा आयकर

बाँकी ५ पेजमा....

## आयोगद्वारा माननीय अर्थमन्त्री समक्ष अन्तिम प्रतिवेदन पेश



अर्थमन्त्री डा. रामशरण महतलाई अन्तिम प्रतिवेदन पेश गर्नुहुँदै आयोगका पदाधिकारीहरु

काठमाडौं। उच्चस्तरीय कर प्रणाली पुनरावलोकन आयोगले २०७२ असार २० गते आइतवार माननीय अर्थमन्त्रीज्यू समक्ष आफ्नो अन्तिम प्रतिवेदन बुझाएको छ। उक्त प्रतिवेदन प्रस्तुत गर्ने क्रममा आयोगका अध्यक्ष डा. रुपबहादुर खड्काले प्रतिवेदनमा सिफारिस गरिएका महत्वपूर्ण सुझावहरुलाई प्रस्तुत गर्नुहुँदै माननीय अर्थमन्त्रीज्यू समक्ष आफ्नो प्रतिवेदन हस्तान्तरण गर्नुभएको हो। (उक्त प्रतिवेदनमा रहेका मूलभूत कुराहरु हेर्नुहोस् ७ पेजमा।)

अर्थ मन्त्रालयमा आयोजित कार्यक्रममा माननीय अर्थमन्त्री डा. रामशरण महतले प्रतिवेदन ग्रहण गर्नुहुँदै विश्वका १६ भन्दा बढी मुलुकको कर प्रणाली सुधारका सन्दर्भमा काम गरिसकेर मुलुकको सान्दर्भिकतालाई पनि आधार बनाएर काम गरिसक्नु भएका आयोगका संयोजक डा. रुपबहादुर खड्का सहितको समग्र आयोगले यथासमयमै अत्यन्त गहन अध्ययन र विश्लेषण गरी सुझाव सहितको प्रतिवेदन प्रस्तुत गरेकोमा हार्दिक बधाई तथा धन्यवाद ज्ञापन गर्नुभयो। अर्थमन्त्री डा. महतले कर प्रणाली सुधारका सन्दर्भमा कर प्रणालीलाई सरल, सहज तथा अन्तर्राष्ट्रिय मापदण्ड अनुरुप बनाउने तर्फ मुलुकमा आर्थिक उदारीकरणको शुरुवातदेखि नै कदमहरु शुरुवात गरिएको जानकारी दिनुभयो। २०५४ सालदेखि मूल्यअभिवृद्धि कर लागू भएदेखि र आयकर ऐन २०५८ मा सुधार गरेदेखि कर प्रणाली सुधारका सन्दर्भमा अन्य उल्लेखनीय कार्य नभएको परिप्रेक्षमा आयोगको प्रतिवेदन अत्यन्त महत्वपूर्ण र सान्दर्भिक हुने डा. महतले जानकारी दिनुभयो। आयोगले कर प्रणाली सुधारका लागि

बाँकी ५ पेजमा....

### ऑखीझ्याल


व्यवस्थापिका संसदको अर्थ समितिद्वारा आयोग संग छलफल — पृष्ठ ३

उच्चस्तरीय कर प्रणाली पुनरावलोकन आयोग २०७१ — पृष्ठ ७

आर्थिक विधेयक २०७२ प्रदान गरेका सुविधाहरु — पृष्ठ १९



# महानिर्देशकको सन्देश

**आर्थिक वर्ष २०७२/०७३ देखि मूल्य अभिवृद्धि कर लाग्ने कारोवारको सीमा रकम बढाइएको छ । वार्षिक पचास लाख रुपैयाभन्दा घटीको वस्तुको कारोवार गर्ने करदाता मूल्य अभिवृद्धि करमा दर्ता हुनु नपर्ने व्यवस्था गरिएको छ । मूल्य अभिवृद्धि करमा दर्ता हुनु नपर्ने व्यवस्था गरिएका उल्लेखित रकमको सीमा सम्मको कारोवार गर्ने करदाताहरुलाई कारोवारको आधारमा कर लगाइने व्यवस्था मिलाइएको छ ।**

आर्थिक वर्ष २०७१/७२ मा करदाता मैत्री कर प्रशासनको विकास र करको दायरा विस्तार गरी तोकिएको राजस्व संकलन लक्ष्य र अन्य कार्यगत लक्ष्य प्राप्त गर्ने तर्फ कर प्रशासनलाई लक्षित गरिएकोमा आर्थिक वर्ष २०७१/७२ मा विभागको लागि संशोधित राजस्व लक्ष्य रु. १५७५० करोड रहेकोमा रु. १६०१३ करोड संकलन भई लक्ष्यभन्दा रु.२६३ करोड बढी संकलन भएको छ । अन्य तोकिएका कार्यगत लक्ष्यहरुको प्रगति पनि निकै सन्तोषप्रद रहेको छ । विभागको लागि तोकिएका लक्ष्य प्राप्त गर्न कर प्रशासन सफल भएको छ । कर प्रशासनले हासिल गरेका यी उपलब्धिप्रति महानिर्देशकको हैसियतले सन्तोष व्यक्त गर्दै यी उपलब्धि हासिल गर्नका लागि योगदान गर्नुहुने सबै कर्मचारीप्रति धन्यवाद व्यक्त गर्दछु । साथै यस अवधिमा प्राप्त सल्लाह, सुझाव र सहयोगका लागि सबै करदाताहरुप्रति हार्दिक धन्यवाद व्यक्त गर्दै आगामी दिनहरुमा यस्तै सकारात्मक सहयोग र सुझावको अपेक्षा गरेको छु ।

आर्थिक वर्ष २०७२/७३ को आर्थिक अध्यादेश मार्फत् करको दायरामा नआएका करदाताहरुलाई करको दायरामा ल्याउन कर र विवरण दाखिला गरी स्थायी लेखा नम्बर लिएमा ब्याज जरिवाना मिन्हा गर्ने, २०६१ असार मसान्तसम्म लगत कायम भएका बीस हजार रुपैयाँसम्मको वक्यौता मिन्हा गर्ने लगायतका विशेष व्यवस्थाहरु ल्याइएका छन् । यी विशेष व्यवस्थाहरु करको दायरा विस्तार गर्न, कर सहभागिता बृद्धि गर्न तथा कर संकलन लागत कम गर्ने उपयुक्त विधि र अवसर भएकोले सबै करदाताहरुलाई तोकिएको समयावधि भित्रै यी सुविधा उपयोग गर्न आव्हान गर्न चाहन्छु । साथै मातहत कार्यालयलाई पनि यी व्यवस्थाहरुको व्यापक प्रचार प्रसार गरी करदातालाई सुविधा उपभोग गर्न उत्प्रेरित गराउन आग्रह गर्न चाहन्छु ।

गत आर्थिक वर्षको विनासकारी महाभूकम्पबाट प्रभावित भएको अर्थतन्त्रलाई पुनरउत्थान गर्ने नीति समेत लिई आर्थिक वर्ष २०७२/७३ को बजेट निर्माण गरिएको छ । करका दरहरुमा बृद्धि नगरी करको आधार र दायरा फराकिलो बनाई एवं कर सहभागीतामा बृद्धि गरी आवश्यक राजस्व संकलन एवं परिचालन गर्ने नीतिसमेत बजेटमा लिइएको छ । उल्लेखित नीतिबाट करदातालाई करको भार बढ्ने देखिएको छैन । राजस्व संकलनको बृद्धि दर विगत वर्षहरुमा भन्दा केही बढी रहेको र मदिरा एवं सूर्तिजन्य वस्तुमा लाग्ने अन्त:शुल्क बाहेक अन्य करका दरहरु यथावत रहेको अवस्थामा राजस्व संकलनको लक्ष्य प्राप्त गर्न कर प्रशासनले सक्रियता पूर्वक कार्य गर्नु पर्ने देखिएको छ ।

तोकिएको राजस्व संकलनको लक्ष्य प्राप्तिका लागि कर सहभागितामा बढोत्तरी गर्ने, कर कानूनको पूर्ण कार्यान्वयन गर्ने, करदाता सूचना सञ्जाल निर्माण गर्ने, बजार अनुगमन गर्ने, करदाता शिक्षा काकार्यक्रम संचालन गर्ने तथा कर प्रशासनको क्षमता अभिबृद्धि गर्नु पर्ने देखिएको छ । यसका लागि विभाग र मातहत सबै कार्यालयहरुले आर्थिक वर्षको शुरुमा नै व्यवसायिक कार्य योजना बनाई सोही अनुरुप कार्य सम्पादन गर्न म समग्र कर प्रशासनका सदस्यलाई आव्हान गर्न चाहन्छु । कर प्रशासनको क्षमता विकास गर्ने एवं आन्तरिक राजस्व परिचालनमा बढोत्तरी गर्ने उद्देश्यका साथ लागू गरिएको पांच वर्षे रणनीतिक योजनाको बाँकी अवधिका कार्य समयवद्ध रुपमा सम्पादन गर्न व्यवसायिक कार्य योजना बनाई सो अनुसार कार्यान्वयनका लागि विभाग तत्पर रहेको छ ।

आर्थिक वर्ष २०७२/०७३ देखि मूल्य अभिवृद्धि कर लाग्ने कारोवारको सीमा रकम बढाइएको छ । वार्षिक पचास लाख रुपैयाभन्दा घटीको वस्तुको कारोवार गर्ने करदाता मूल्य अभिवृद्धि करमा दर्ता हुनु नपर्ने व्यवस्था गरिएको छ । मूल्य अभिवृद्धि करमा दर्ता हुनु नपर्ने व्यवस्था गरिएका उल्लेखित रकमको सीमा सम्मको कारोवार गर्ने करदाताहरुलाई कारोवारको आधारमा कर लगाइने व्यवस्था मिलाइएको छ ।

आम करदातालाई करको बारेमा सुसूचित गराउन कर प्रशिक्षक तयार गर्ने हेतुले व्यवसायिक निकाय र विदेशी विकास साझेदारसंग समन्वय गरी तालिम कार्यक्रम सञ्चालन गर्ने र तीनै प्रशिक्षक समेतलाई परिचालन गरी करदाता शिक्षालाई व्यापक बनाइने छ । कर प्रणालीमा भएका कमी कमजोरीलाई सुधार गरी सक्षम कर प्रणाली विकास गर्न विभाग लगायत मातहत कार्यालयलाई परिचालन गरिने छ । विभिन्न कर कानूनसंग सम्वन्धित मौजुदा निर्देशिका, कार्यविधि परिमार्जन गरी समय सापेक्ष बनाइने छ । साथै मौजुदा सूचना प्रविधिमा समयानुकूल सुधार गरी करदाताको कर सहभागिता लागत र कर प्रशासनको कर संकलन लागत कम गर्ने दिशामा कार्य गरिनेछ । करदाता शिक्षा र सचेतनाका क्षेत्रमा तथा कर प्रणाली सुधारका क्षेत्रमा उल्लेखित सुधारका कार्यहरु गर्दा समेत मौजुदा कर कानूनको अवज्ञा गर्ने अवस्था सिर्जना भएमा कर प्रशासन कडा रुपमा प्रस्तुत हुने व्यहोरा सबैमा जानकारी गराउन चाहन्छु ।

तेश्रो राष्ट्रिय कर दिवस, २०७१ मंसिर १ पश्चात सोहीअवसरमा सम्मानित हुनु भएका विभिन्न जिल्लाका करदाताहरुलाई सम्मान गर्ने सन्दर्भमा जिल्लाहरुको भ्रमण गरी करदाताहरुसंग छलफल तथा अन्तर्क्रिया गर्दा कर प्रशासन करदातामैत्री बन्दै गएको व्यहोरा करदाताहरुबाट अभिव्यक्त भएको हुँदा करदातामैत्री कर प्रशासनको विकास भएको पाएको छु । करदाताहरुलाई प्रदान गरिने सेवा प्रवाहलाई चुस्त बनाउन आर्थिक वर्ष २०७२/०७३ मा करदाताको विवरणको अद्यावधिक जानकारी लिने (KYT) कार्यलाई अभियान कै रुपमा लगिनेछ ।

अन्तमा, विद्यमान कर प्रणालीमा सुधार गरी करदाता मैत्री र पारदर्शी कर प्रशासन बनाउन आन्तरिक राजस्व विभाग सदैव क्रियाशील छ । विभागको यो अभियानमा कर प्रशासनका सबै सदस्यहरु र सबै करदाताहरुको साथ रहिरहने छ भन्ने विश्वास व्यक्त गर्दछु ।

**चुडामणि शर्मा**
**महानिर्देशक**

**साउन, २०७२**

# व्यवस्थापिका संसदको अर्थ समितिद्वारा आयोगसंग छलफल

काठमाडौं । व्यवस्थापिका संसदको अर्थ समिति र उच्चस्तरीय कर प्रणाली पुनरावलोकन आयोगबीच विद्यमान कर प्रणाली सुधार सम्बन्धी विषयमा अन्तर्क्रिया सम्पन्न भएको छ ।

कार्यक्रममा उच्चस्तरीय कर प्रणाली पुनरावलोकन आयोगका अध्यक्ष डा. रुप खड्काले नेपालको कर प्रणालीको वर्तमान स्वरुप र संरचना राम्रो भएको तर मुलुकको राजनीति तथा आर्थिक अवस्था र अन्तर्राष्ट्रिय प्रतिवद्धताको सन्दर्भमा कर प्रणालीमा केही समायोजनको खाँचो भएको बताउनुभयो । उहाँले करका सैद्धान्तिक मान्यता तथा अन्तर्राष्ट्रिय राम्रा अभ्यासलाई मध्यनजर राखेर आयोगले विभिन्न सुझाव दिएको र आयोगले दिएका सुझावको कार्यान्वयनवाट नेपालको कर प्रणाली अरु परिमार्जित हुने अपेक्षा गर्नुभयो ।

उद्योग धन्दा विकास हुनको लागि बाटोघाटो, शान्ति, सुरक्षा, बत्ती, पानीपछि मात्र करको विषय आउने बताउनुहुँदै कुन तहको सरकारले कुन तहको कर लगाउंदा बढी राजस्व उत्पादक हुन्छ भन्नेमा सुझाव केन्द्रित रहेको जानकारी दिनुभयो ।

मुलुक एकात्मक शासन प्रणालीबाट संघीय शासन प्रणालीमा रूपान्तरित हुने प्रकृयामा रहेकोले संघीय व्यवस्थामा सरकारका केन्द्रीय, प्रादेशिक र स्थानीय गरेर तीन तह हुने र ती सवै तहका सरकारहरूलाई राजस्व उठाउने र खर्च गर्ने संवैधानिक अधिकार हुनुपर्ने सुझाव दिनु भएको छ ।

डा. खड्काले वित्तीय संघीयताको परम्परागत सिद्धान्त अनुसार सार्वजनिक क्षेत्रका प्रमुख आर्थिक कार्यहरुमा समष्टिगत आर्थिक स्थिरताः (Macro Economic Stability) जसमा मौद्रिक, विनिमय, र वित्तीय नीति केन्द्रीय सरकारको दायित्व हुने तथा आय वितरण (Income Distribution) मा आय र सम्पत्तिको पुनर्वितरणका लागि प्रगतिशील कर, सामाजिक सुरक्षा (वेरोजगार, वृद्ध, वच्चा, अशक्त भत्ताहरु) सम्वन्धी कार्यहरु केन्द्रीय तहमा प्रभावकारी हुने तथा श्रोत विनियोजन (Resource Allocation) अन्तर्गत वस्तु तथा सेवाको प्रावधान, धेरैजसो सार्वजनिक क्षेत्रका कार्यहरु प्रादेशिक/स्थानीय तहमा राम्ररी व्यवस्थापन गर्न सकिने । सन्निकटताको सिद्धान्त (Principle of Subsidiarity) अनुसार स्थानीय/प्रादेशिक तहमा प्रभावकारी रुपमा गर्न नसकिने कार्यमात्र केन्द्रीय सरकारले गर्नु पर्ने विषयबारे चर्चा गर्नु भएको थियो ।





व्यवस्थापिका संसदको अर्थ समितिसंगको कार्यक्रममा आयोगका पदाधिकारी तथा माननीय सभासदहरु

डा. खड्काले प्रमुख करहरुको विभाजन सम्वन्धी सैद्धान्तिक अवधारणा र अन्तराष्ट्रिय प्रचलनअनुसार, भन्सार महसुल, मूल्य अभिवृद्धि कर, अन्तःशुल्क, संस्थागत आयकर, व्यक्तिगत आयकर, सामाजिक सुरक्षा कर, पूर्वानुमानित कर, रजिष्ट्रेशन दस्तूर, टिकट दस्तुर, सवारी कर, सम्पत्ति कर, भूमि कर मालपोत, मनोरञ्जन कर, सेवा शुल्कहरुबारे चर्चा गर्नु भएको थियो ।

त्यसैगरी, अन्तर-सरकारी वित्तीय मामिला सम्बन्धी व्यवस्था तथा सुझाव पेश गर्न निष्पक्ष र स्वतन्त्र वित्तीय आयोग गठन गरिनु पर्ने सुझाव पनि दिनु भएको छ। संघीय व्यवस्थामा कर प्रणालीको स्वरुप (बक्समा) हुने सुझाव उहांले प्रस्तुत गर्नु भएको छ ।

कार्यक्रममा आन्तरिक राजस्व विभागका महानिर्देशक श्री चुडामणि शर्माले उच्चस्तरीय कर प्रणाली पुनरावलोकन आयोगले समग्र कर प्रणालीमा, आयकर, मूल्यअभिवृद्धि कर, अन्तशुल्क, भन्सार, गैह्र कर सवै किसिमका करहरुका वारेमा अध्ययन गरेको बताउनुभयो। समग्र प्रणाली, नीतिगत, जनशक्ति, भौगोलिक परिस्थिति, पर्यावरणीय परिवेश, सांगठनिक परिवेश, सवैका वारेमा अध्ययन गरेर प्रतिवेदन पेश गर्ने क्रममा आयोग रहेको जानकारी दिनुभयो । देशको भौगोलिक, परिवेश अनुशार अध्ययन गर्न आयोग गठन भएको जानकारी दिनुहुँदै मुलुक एकात्मक राज्यबाट संघात्मक राज्यमा रुपान्तरणको प्रकृयामा रहेको, यसै बीचमा देशमा महाभूकम्पले अर्थतन्त्रमा तहस नहस पारेकाले पुनर्निमाण गर्नुपर्ने भएकाले त्यसमा कसरी कर लगाउन सकिन्छ भन्ने विषयमा समेत अध्ययन भइरहेको जानकारी दिनुभयो । संघीय वित्त व्यवस्थामा विशेषतः हाम्रा प्रदेशहरुको बीचमा के अधिकार रहने र त्यसको संयन्त्र के हुने, समग्र संविधान निर्माणको क्रममा माननीय सभासदज्यूहरुले प्रदान गर्नु भएको अनुभवहरु आयोगको लागि पृष्ठपोषण हुने बताउनुभयो । अन्तर्राष्ट्रिय रुपमा अनुभव गरेका कुराहरु के गर्दा उपयुक्त हुन्छ, के गर्दा अनुपयुक्त हुन्छ भन्ने सवालमा पनि बेलैमा जानकार गराउने हिसावले

माननीयज्यूहरु समक्ष सुझावलाई पेश गरिएको जानकारी दिनुभयो ।

कार्यक्रममा माननीय सभासद श्री सुरेन्द्र पाण्डेले आयकर, सामाजिक सुरक्षाकर केन्द्रले र घर बहालकर स्थानीय सरकारले लगाउंदा ठीक हुने बताउनुभयो । पुर्ख्यौली सम्पत्तिको स्वामित्व हस्तान्तरणमा अमेरिकामा ४० प्रतिशत कर लाग्ने बताउनुहुदै त्यो कर नेपालमा पनि वृद्धि हुनुपर्ने बताउनुभयो । जग्गाको मूल्य मालपोतमा जे लेख्छौं, वैंकमा मूल्यांकनमा किन लागू गर्न सक्दैनौं भन्नुहुदै कृषि क्षेत्रमा भएका कर सम्बन्धी केही विषय प्रष्ट नभएकाले त्यस्ता विषयमा स्पष्ट हुनुपर्ने जानकारी दिनुभयो । जवसम्म श्रमशक्ति विदेशिने क्रम रोकिदैन, तलव बढ्दैन, उसको ज्याला न्यून हुन्छ त्यतिबेला सम्म उद्योगधन्दा फस्टाउन नसक्ने बताउनुभयो । कारोवारमा न्यून मूल्यांकनको समस्या रहेको बताउनुहुदै आयात गर्दा कम देखाउने, बिक्री धेरै रकममा गर्ने हुनाले यसको व्यवहारिक समाधान हुनुपर्ने उहांको भनाइ थियो । नगदमा हुने कारोवारलाई निरुत्साहित गरेर बैंकिङ कारोवारबाट हुने कारोवारलाई प्रोत्साहित गर्न सके भ्रष्टाचार एवं कर छली समेत कम हुने उहांको भनाइ थियो ।

अर्का माननीय सभासद श्री केशव वडालले न्यायपूर्ण समाज निर्माणका लागि कर ठूला व्यवसायी र साना व्यवसायीमा लगाइने दर घटी बढी हुनुपर्ने बताउनुभयो । सार्क राष्ट्रहरुमा नेपालको कूल गार्हस्थ उत्पादन राम्रो भएको जानकारी दिनुहुंदै मुलुकको व्यापार घाटा ५ सय अर्व पुग्नुले स्वाधिनतामा पनि असर गर्न सक्ने उहांको भनाइ थियो । सहकारीमा वि.सं. २०४८ देखि २०५७ सम्म कर नलागेको, अमेरिकामा पनि सहकारीमा संस्थागत कर नलाग्ने बताउनुहुदै नेपालमा झण्डै ३१ सय महिलाले सञ्चालन गरेका सहकारीहरु भएको र सहकारीले करदाताहरु जन्माउने भएकाले यसमा छुट हुनुपर्ने उहांको भनाइ थियो ।

माननीय मोहनप्रसाद बरालले प्रत्येक गाविसमा इन्टरनेट र करको संरचना पुर्‍याएर सम्पत्ति विवरण राख्नुपर्ने यसले कर तिर्ने वानीमा सुधार आउने अपेक्षा गर्नुभयो । संविधान निर्माणको क्रममा विद्यमान कर प्रणालीमा पनि कमजोरी होलान् भन्नुहुँदै आउँदो कर प्रणाली सुधारियोस् र सन्ततीको भविष्य राम्रो होस् भन्ने अपेक्षा राख्नुभयो ।

माननीय चन्द्र भण्डारीले धनीका छोराहरु सम्पत्ति बेचेर विदेशीने क्रम जारी रहेकाले त्यस्ता करमा वृद्धि गर्नुपर्ने, निसन्तानको सम्पत्ति राज्यको दायरामा आउनुपर्ने र कर छलीका विषयमा पनि आयोगले सुझाव दिनुपर्ने बताउनुभयो ।

माननीय श्रीप्रसाद जगेवुले घर बहालकर घर धनीसंग लिनुपर्ने व्यवस्था हुनुपर्ने अधिकांश व्यवसायीले ३ हजार कर तिरेर विसौं हजारको राजस्व छल्ने गरेकोले घरधनीसँग बहालकर असुल गर्नुपर्ने बताउनुभयो ।

# आयोगद्वारा कानुन व्यवसायीहरुसँग छलफल

काठमाडौं । आन्तरिक राजस्व विभागको आयोजनामा उच्च स्तरीय कर प्रणाली पुनरावलोकन आयोग र कानुन व्यवसायीहरुबीच विद्यमान कर प्रणाली सुधार सम्बन्धी विषयमा अन्तर्क्रिया सम्पन्न भएको छ ।

अन्तर्क्रिया कार्यक्रममा आन्तरिक राजस्व विभागका महानिर्देशक श्री चुडामणि शर्माले कानुन व्यवसायीहरुबाट अत्यन्तै सारगर्भित सुझावहरु प्राप्त भएको बताउनुभयो । उहांले आयोगको तर्फबाट देशव्यापी रुपमा सुन्ने, सुनाउने र सुधार्ने कार्यका लागि सुझाव संकलन गरिएको जानकारी दिनुभयो । कानुन व्यवसायीहरुबाट प्राप्त राय, परामर्श, सुझावहरु प्रतिवेदनमा समेटिने जानकारी



कानुन व्यवसायीहरुसंगको कार्यक्रममा आयोगका पदाधिकारीहरु

दिनुहुँदै नेपालको कर प्रणाली स्वयं कर प्रणालीमा आधारित भएकोले करदाताले गल्ती गर्दैनन् भनेर नै स्वयंकर प्रणाली लागू गरिएको बताउनुभयो ।

कर तिर्नु भनेको राष्ट्र निर्माणमा सरिक हुने अवसर भएको बताउनुहुँदै त्यो भोलिका लागि लगानी पनि रहेको जानकारी दिनुभयो । हामीले राज्यबाट जे अपेक्षा गरेका छौं त्यो पाउनका लागि कर तिर्नुपर्ने तथा सामाजिक न्याय लागू गर्ने पद्दतिको रुपमा करलाई बुझ्नुपर्छ भन्ने उहाँको भनाइ थियो ।

कर कारोवारमा, आयमा र सम्पत्तिमा आधारित रहेको जानकारी दिनुहुँदै विद्यमान कानुनी अवस्था, अप्ठेराहरु के रहेछ ? असल अभ्यास आदर्श, सिद्धान्त के रहेछन् । समाजले के अपेक्षा गरेको छ, कर प्रशासनको आगामी बाटो कस्तो हुने भन्ने हिसावमा आयोगलाई जिम्मेवारी सुम्पिएको जानकारी समेत दिनुभयो । महाभूकम्प पछि मुलुक विपत्तिमा परेकोले वित्त व्यवस्थापनका लागि अतिरिक्त कर कहाँबाट आउनसक्छ ? त्यस तर्फ पनि आयोगले अध्ययन गरिरहेको जानकारी दिनुभयो ।

सैद्धान्तिक, नीतिगत, कानुनी हिसावले नेपालको कर प्रणाली संसारमा उत्कृष्ट रहेको तथा व्यवस्था र अवस्थामा भएको कमजोरीलाई विश्लेषण गर्न जरुरी भएको बताउनुभयो । कर प्रशासन जहिले पनि करदातालाई शिक्षित बनाउने, सुधार्ने पक्षमा छ, सिध्याउने पक्षमा छैन भन्नुहुँदै आन्तरिक स्रोत साधनको परिचालनले नै नेपालको राजस्वमा ठूलो हिस्सा ओगट्दै आएको जानकारी दिनुभयो । राजस्व न्यायाधीकरणको पुनर्संरचनामा पुनरावलोकनको अवस्थामा रहेकोले त्यसका लागि सेवा वाहिरको निवृत्त विशिष्ट श्रेणीको नेतृत्वमा अनुभव भएकालाई जिम्मेवारी दिने र त्यो स्वतन्त्र, सक्षम र निष्पक्ष हुने बताउनुभयो । महानिर्देशक शर्माले



अवैध मदिराको कारोवार तथा उपभोग कहिल्यै नगरौं ।

प्रशासकीय पुनरावलोकनमा भएको कमी कमजोरीलाई सुधार्न २ महिना भित्र प्रशासकीय पुनरावलोकनको काम सक्ने कार्यमा आफू लागि परेको जानकारी दिनुभयो ।

कार्यक्रममा उच्चस्तरीय कर प्रणाली पुनरावलोकन आयोगका अध्यक्ष श्री रुपबहादुर खड्काले कार्यपत्र प्रस्तुत गर्नु भएको थियो । कार्यपत्रमा नेपालको कर प्रणालीको वर्तमान स्वरुप र संरचना उत्कृष्ट रहेको जानकारी दिनुभयो। तर मुलुकको राजनीति तथा आर्थिक अवस्था र अन्तर्राष्ट्रिय प्रतिवद्धताको सन्दर्भमा कर प्रणालीमा केही समायोजनको खांचो भएकोले यसको पुनरावलोकन हुनु पर्ने बताउनुभयो । आयोगले नेपाल सरकारलाई दिएका सुझावको कार्यान्वयनबाट नेपालको कर प्रणाली अझ परिमार्जित हुने समेत अपेक्षा गर्नुभयो ।

उहांले वार्षिक रु २० लाख देखि कर नलाग्ने कारोवारसम्मको कारोवार गर्ने करदाताहरुले आफ्नो कूल कारोवारको तोकिएको प्रतिशतले कारोवार कर तिर्नुपर्ने। संभाव्य सबै करदातालाई अनुसन्धान वा अनुगमन जस्ता प्रशासनिक माध्यमको प्रयोग गरी करको दायराभित्र ल्याइनु पर्ने बताउनुभयो । करदाताको कर सहभागिता सम्बन्धी इतिहास, लेखा पालन र विगतको कर परीक्षण अभिलेखको आधारमा उत्तम, सामान्य र जोखिमपूर्ण वर्गमा वर्गीकरण गर्ने तथा निरन्तर रुपमा क्रेडिट देखाउने करदाताको आन्तरिक राजस्व प्रशासनले स्टक खरीद गर्न सक्ने व्यवस्था गर्ने । यस किसिमले सामान खरीद गर्ने सम्बन्धी प्रकृया मूल्य अभिवृद्धि कर ऐनमा व्यवस्था गर्ने विषयमा उल्लेख गर्नु भएको थियो । त्यसैगरी दम्पत्तिका लागि दिइने छुट एकल व्यक्तिलाई दिइने छुटको तुलनामा खासै ठूलो अन्तर नभएकोले दम्पत्तिको लागि दिइने छुटको रकम बढाउनुपर्ने, सामाजिक कार्यमा सहयोग गर्न अभिप्रेरित गर्न आयकर प्रयोजनका लागि खर्च कट्टी गर्न पाउने रकमको सीमामा रु १ लाख बाट बढाई रु २० लाख गर्ने, आर्थिक वर्ष २०७२/०७३ र आर्थिक वर्ष २०७३/०७४ मा व्यक्तिगत तथा संस्थागत आयकरमा पुनर्निर्माण सरचार्ज लगाउने, निश्चित रकमको कर नलगाउने विषय उल्लेख गर्नु भएको थियो ।

कार्यक्रममा उच्चस्तरीय कर प्रणाली पुनरावलोकन आयोगका सदस्य श्री माधव ढकालले नेपालको कर प्रणाली परिमार्जन, संशोधन तथा सुधार गर्ने कार्यमा आयोगले काम गरिरहेको बताउनुभयो । उहाँले नेपाललाई अति कम विकसित राष्ट्रबाट सन् २०२२ सम्ममा विकासिल राष्ट्रमा स्तरोन्नति गर्न राजस्वको भूमिका के हुने भन्ने विषयमा प्रतिवेदन केन्द्रित रहेको जानकारी दिनुभयो। संघीय प्रणालीमा आर्थिक प्रणाली कस्तो हुनुपर्छ भन्ने विषयमा सुझावहरु केन्द्रित भएको समेत उहाँले बताउनुभयो ।

कार्यक्रमको अध्यक्षता गर्नु भएका नेपाल वार एशोसिएसनका उपाध्यक्ष टिकाराम भट्टराईले नेपालको वर्तमान कर प्रणालीको डिजाइनकर्ता स्वयं रुपबहादुर खड्का र अरु विशिष्ट व्यक्तिहरुबाट तयार भएको सुझाव प्रतिवेदनले समग्र कर प्रणाली सुधार हुने अपेक्षा गर्नुभयो ।

वरिष्ठ अधिवक्ता अनिलकुमार सिन्हाले कानुन व्यवसायीको भूमिका, विज्ञता हुन जरुरी रहेको बताउनुभयो। करका कारणले करदाताले पाएको समस्या भोलिका दिनमा नआओस् भन्नका लागि संविधानमा नै स्पष्ट व्यवस्था हुनुपर्ने सुझाव दिनुभयो ।

हाल २५ प्रकृतिको कर व्यवसायीबाट राज्यले लिएको तथा कर तिर्नु नागरिकको दायित्व भएको बताउनुभयो । व्यवसायीमा आज राज्यमा गरेको लगानी भोलि सामाजिक सुरक्षाका कार्यक्रमहरुबाट फिर्ता हुन्छ भन्ने प्रत्याभूति हुनुपर्ने र व्यवसायीले तिरेको कर कहां प्रयोग हुन्छ भन्ने विषय जनताले थाहा पाउनुपर्ने उहाँको भनाइ थियो ।

अन्य कानुन व्यवसायीहरुले निश्चित अवधि पछि करदाताको छानविन नगर्ने व्यवस्था हुनुपर्ने, पुनर्निर्माण कर धेरै लगाउन नहुने, छिमेकी देशमा दुईवटा राज्यको बीचमा पानीका विषयमा, करका विषयमा विवाद हुने गरेकोले त्यसतर्फ ध्यान दिन सुझाव दिए। करदाताहरुले कतिसम्म कर तिर्नुपर्ने हो भन्ने विषयमा करदाताहरु अन्यौलमा परेको, सामाजिक सुरक्षा कर जसरी उठाएको छ त्यो सदुपयोग हुन नसकेको विषय उल्लेख गरेका थिए ।

कार्यक्रममा उच्चस्तरीय कर प्रणाली पुनरावलोकन आयोगका सदस्य श्री सुदर्शनराज पाण्डे, आन्तरिक राजस्व विभागका निर्देशक श्री गोपाल घिमिरे, उपन्यायाधिवक्ता श्री इश्वरीप्रसाद वन्जाडे लगायतको उपस्थिति रहेको थियो । ◆

## आयोगद्वारा....

अध्ययन, विश्लेषण गरी दिएका सुझावहरुलाई अत्यन्त प्रभावकारी रुपमा कार्यान्वयन गर्दै जाने प्रतिवद्धता माननीय अर्थमन्त्रीज्यूले व्यक्त गर्नुभयो । आयोगले दिएको प्रतिवेदन आम जनता, आम करदाता तथा सम्बन्धित सवै पक्षको पहुँचका लागि अर्थ मन्त्रालयको वेभसाइटमा छिट्टै प्रकाशन गरिने जानकारी समेत उक्त अवसरमा दिइएको थियो ।

राजस्व सचिव श्री नवराज भण्डारीले आयोग गठनको पृष्ठभूमि, आयोगको औचित्य र आवश्यकता बारे स्पष्ट पार्नु भएको थियो । आयोगले प्रतिवेदन प्रस्तुत गर्ने क्रममा अर्थमन्त्रालय राजस्व व्यवस्थापन महाशाखाका प्रमुख लक्ष्मण अर्यालले आयोग गठनको वारेमा संक्षेपमा प्रकाश पार्नुभयो। उक्त आयोग २०७१ साल कार्तिक २६ गते नेपाल सरकारको निर्णय अनुसार कर प्रणालीमा गर्नुपर्ने समग्र सुधारका वारेमा अध्ययन, विश्लेषण गरी आगामी दिनमा कर प्रणालीको समग्र सुधारका लागि विभिन्न क्षेत्रका सुझावहरु प्रस्तुत गर्न गठन गरिएको हो । आयोगको संयोजकमा डा. रुपबहादुर खड्का, आयोगको सदस्यमा श्री माधव ढकाल र श्री सुदर्शनराज पाण्डे हुनुहुन्थ्यो ।

## १ पेजको बांकी...

तर्फ ९४ प्रतिशत, मूल्यअभिवृद्धि कर तर्फ ९५ प्रतिशत र अन्तशुल्क तर्फ ९० प्रतिशत हो । त्यसैगरी शिक्षा सेवा शुल्क र स्वास्थ्य सेवा कर क्रमश: रु. ४२ करोड २२ लाख ७२ हजार र रु. ५३ करोड ८६ लाख ६१ हजार संकलन भएको छ । शिक्षा सेवा शुल्क तर्फ लक्ष्यको तुलनामा ९३ प्रतिशत र स्वास्थ्यसेवा कर तर्फ लक्ष्यको तुलनामा ११२ प्रतिशत संकलन भएको छ । गत वर्षको तुलनामा आयकर तर्फको वृद्धिदर १२ प्रतिशत, मूल्य अभिवृद्धि कर तर्फको वृद्धिदर १४ प्रतिशत, अन्तशुल्कतर्फ वृद्धिदर १० प्रतिशत, स्वास्थ्य सेवा कर तर्फको वृद्धिदर २९ प्रतिशत र शिक्षा सेवा शुल्क तर्फको वृद्धिदर १० प्रतिशत रहेको छ ।

विभागले राजस्व असुली नपुग हुनुमा बैशाख १२ गते आएको महाभूकम्पबाट धनजनको ठूलो क्षति भएकोले आर्थिक क्षेत्रमा व्यापक असर परेकोले लक्ष्य अनुसार प्रगति नभएको, मू.अ.कर, अन्त:शुल्क प्राप्त हुने क्षेत्र मदिरा, वियर, चुरोट, निर्माण कार्य, व्यापार व्यवसायमा प्रत्यक्ष असर परेको, अग्रिम कर कट्टी तथा उद्योग, व्यापार व्यवसायमा व्यापकरुपमा शिथिलता आएको,

भुकम्पको कारण मुख्य गरी काठमाडौं क्षेत्र प्रभावित भएकोले कारोवार नभई ब्यापक रुपमा असर पर्न गएको औंल्याएको छ ।

त्यसैगरी घर बहाल कर र ब्याज करको रकम असुलीमा असर परेको, मुख्य शहरी क्षेत्रमा मदिरा, चुरोट, वियर लगायत रड सिमेन्टको कारोवारमा प्रभाब परेकोले अन्तःशुल्क असुली प्रभावित भएको, शिक्षा सेवा शुल्क र स्वास्थ्य सेवामा प्रत्यक्ष प्रभाब परी उक्त निकायहरु बन्द भएकोले राजस्व असुली कम भएको, मू.अ.करमा ब्यापारिक कारोवार, निर्माण कार्य, सरकारी भुक्तानी, डिपार्टमेन्टल स्टोर र कल कारखाना आदि संचालन नभएकोले असर परेको समेत विभागले बताएको छ ।

बक्यौता असुली तर्फ यस आ.व को जेष्ठसम्ममा जम्मा रु ५ अर्व ६० करोड ६० लाख २५ हजार बक्यौता समायोजन गरिएको, जसमध्ये मू.अ.करतर्फ रु १ अर्व ७९ करोड ५३ लाख २१ हजार तथा आयकरतर्फ ३ अर्व ८१ करोड ७ लाख ४ हजार रहेको जनाएको छ। गत आ.व.मा सोही अवधिमा जम्मा रु ८ अर्व १ करोड ४२ लाख १३ हजार बक्यौता समायोजन गरिएको थियो। यस मध्ये मू.अ.करतर्फ रु १ अर्व ८९ करोड ८० लाख २१ हजार तथा आयकरतर्फ रु ६ अर्व ११ करोड ६१ लाख ९२ हजार रहेको थियो ।

यस आ.व.को जेष्ठसम्ममा जम्मा ४००६ वटा पूर्ण कर परीक्षणा सम्पन्न भएको र कर परीक्षणबाट रु ४ अर्व ४४ करोड कर निर्धारण भई प्रति केस रु ११ लाख ८ हजार कर निर्धारण भएको जनाएको छ । गत आ.व.को सोही अवधिसम्ममा जम्मा ३८८९ वटा पूर्ण कर परीक्षणा भएको तथा गत वर्ष रु ६ अर्व ७२ करोड ५० लाख कर निर्धारण भई प्रति केस रु १७ लाख २९ हजार कर निर्धारण भएको थियो ।

विभागले आगामी दिनमा कार्यालयबाट दिंइदै आएको सेवालाई अझ छिटो र प्रभावकारी बनाउने, राजस्वमा परेको प्रभावको बारेमा सूक्ष्मरुपमा अध्ययन गरी वस्तविकरुपमा के कति राजस्व असुली गर्न सकिन्छ प्रक्षेपण गर्ने, राहत सामाग्रीको सहुलियत हुँदा सँगसँगै राजस्व चुहावटको पनि सम्भावना हुने हुँदा अनुगमनको कार्य र सूचना सम्प्रेषणको कार्यलाई निरन्तर जारी राख्ने समेत जनाएको छ। त्यसैगरी वातावरण सामान्यीकरण हुँदै गएको सन्दर्भमा कर चुहावट नियन्त्रण नियम पालना र चुहावट रोक्नको लागि कार्ययोजना बनाई अगाडि बढ्ने, हाल असुली भई रहेको आय कर, मू.अ.कर र अन्तःशुल्कको रकम सही हो वा होइन भन्नेसम्वन्धमा कार्यलयबाट अध्ययन अनुगमन र निरीक्षणको कार्य अगाडि बढाउने, राजस्वको ऐन कानूनको पालना गराउने र प्रणालीलाई चुस्त राख्ने कार्यमा सम्पूर्ण कार्यालयहरु र कर्मचारीहरु सक्रिय रहने, कार्यालयको समग्र जनशक्तिलाई अन्य कार्यको अतिक्ति राजस्व असुलीमा केन्द्रित गर्ने, कार्यालयको वक्यौता, वेरुजुको प्रगति तुलनात्मकरुपमा न्यून भएको देखिएकोले उक्त क्षेत्रमा समेत विशेष जोड दिने प्रतिवद्धता समेत विभागले गरेको छ। ◆

# विभागको वेभसाइट अद्यावधिक

आन्तरिक राजस्व विभागको वेभसाइट अद्यावधिक गरिएको छ। विभागमा आयोजित एक कार्यक्रममा महानिर्देशक श्री चुडामणि शर्माले वेभसाइटको अद्यावधिक गर्नु भएको हो । कार्यक्रमलाई सम्बोधन गर्नुहुँदै महानिर्देशक श्री शर्माले कार्यालयको कार्य क्षमतामा वृद्धि गर्न, सर्वसाधारण करदाताहरुको व्यवसायिक विवरणहरुलाई थप



सुरक्षित गर्न वेभसाइट सक्षम रहेको बताउनुभयो । उहाँले करदाताको व्यवसायिक लागत घटाउन र करदाताको कार्य क्षमतालाई वृद्धि गर्न शुरुवात गरिएको नयाँ वेभसाइटलाई सुविधा सम्पन्न पारिएको समेत बताउनुभयो। कार्यक्रममा विभागका उपमहानिर्देशकहरु श्री राममणि दुवाडी, श्री अर्जुनप्रसाद पोखेल, श्री चन्द्रकला पौडेल, श्री लक्ष्मीप्रसाद यादव, GIZ/RAS परियोजनाका प्रतिनिधिहरु, विभागका निर्देशकहरु र कर्मचारीहरुको उपस्थिति रहेको थियो ।

# डिजास्टर रिकभरी सेन्टर भैरहवामा

आन्तरिक राजस्व विभागले आफू अन्तर्गतका कार्यालयहरुका सम्पूर्ण करदाताहरुको विवरणलाई थप सुरक्षित राख्नको लागि भैरहवामा डिजास्टर रिकभरी सेन्टर



सञ्चालनमा ल्याउन लागेको छ । देशमा हुने प्राकृतिक विपत्तिबाट करदाताहरुको विवरण नष्ट हुन सक्ने खतरालाई मध्यनजर गरेर सवै करदाताको विवरणहरु काठमाडौं र भैरहवामा एकसाथ सुरक्षित हुने सूचना प्रविधि विज्ञ श्री लक्ष्मीप्रसाद यादवले बताउनु भएको छ । GIZ/RAS प्रोजेक्टको सहयोगमा भैरहवामा जडान गरिएको सर्भरको आन्तरिक राजस्व विभागका सूचना प्रविधि निर्देशक श्री शिवकुमार पोखरेल र कम्प्यूटर इन्जिनियर दीपेश लेखकले अनुगमन गरिरहनु भएको छ । भैरहवामा भएको सो डिजास्टर रिकभरी सेन्टरमा दैनिक रुपमा विभागबाट डाटाहरु सुरक्षित साथ स्थानान्तरण हुने गरेको छ। सो रिकभरी सेन्टरको छिट्टै उद्घाटन गरिने सूचना प्रविधि विज्ञ श्री लक्ष्मीप्रसाद यादवले जानकारी दिनु भएको छ ।

# उच्चस्तरीय कर प्रणाली पुनरावलोकन आयोग, २०७१

## भूमिका

नेपालको कर प्रणालीलाई समसामयिक, व्यावहारिक र अन्तर्राष्ट्रिय मान्यता अनुकुल बनाउन आवश्यक सुझाव दिन नेपाल सरकारको मिति २०७१ साल कार्तिक २६ गतेको निर्णय अनुसार उच्चस्तरीय कर प्रणाली पुनरावलोकन आयोग गठन भएको थियो । आयोगको कार्यकाल २०७२ साल आषाढ १५ गतेसम्म रहेको थियो । यस अवधिमा आयोगले कर सुधार सम्वन्धी राष्ट्रिय तथा अन्तर्राष्ट्रिय प्रतिवेदनहरु, नेपालको वर्तमान कर नीति, कर कानून, करको स्वरुप, संरचना तथा संचालन प्रकिया र राजस्व प्रशासनका विविध पक्षका बारेमा अध्ययन गरेको थियो । आयोगले काठमाण्डौ भित्र तथा वाहिर विभिन्न संघ संस्था तथा व्यक्तिहरुसंग व्यक्तिगत तथा समूहगत रुपमा भेटघाट तथा छलफलगरी सुझाव संकलन गरेको थियो । यसैगरी आयोगले तयार गरेका अन्तरिम सुझावहरुका वारेमा विभिन्न संघ संस्था तथा विज्ञहरुसंग छलफल गरेर परिमार्जन गरेको थियो । यी विभिन्न आधारमा आयोगले सुझाव सहितको प्रतिवेदन तयार गरेको छ । नेपालको वर्तमान कर प्रणाली तथा यसमा गरिनु पर्ने सुधार सम्वन्धी आयोगको धारणा निम्नानुसार छ :

नेपालमा डेढ दशक अगाडी लागु गरिएको प्रथम पुस्ताको कर सुधार कार्यक्रम पश्चात स्थापित कर प्रणालीको स्वरुप र संरचना राम्रो छ । हाल मुलुकमा मूल्य अभिवृद्धि कर, आय कर, भंसार महसुल र अन्तःशुल्क जस्ता सवै आधुनिक करहरु कार्यान्वयन भैरहेका छन । यी करहरु मध्ये मूल्य अभिवृद्धि कर एकल दरले लगाइएको छ जुन यसकरलाई आर्थिक तथा प्रशासनिक दृष्टिकोणले सक्षम वनाउनको लागि महत्वपूर्ण छ । आय कर मध्ये व्यक्तिगत आय कर १५, २५ र ३५ प्रतिशतले लगाइएको छ भने संस्थागत आय कर एकल दरले लाग्ने व्यवस्था छ । भंसार महसुलका ६ दरहरुछन भने अन्तःशुल्क सूर्तिजन्य वस्तुहरु तथा मादक पदार्थमा परिमाणगत दरले र अन्य केही वस्तुहरुमा मूल्यगत दरले लाग्ने व्यवस्था छ ।

उक्त प्रमुख करहरुबाट नेपालको कुल कर राजस्वको ९३ प्रतिशतभन्दा वढी हिस्सा प्राप्त हुन्छ । यी करहरु मध्ये मूल्य अभिवृद्धि करले कुल कर राजस्वको एह तिहाई हिस्सा प्रदान गर्दछ, आय करको योगदान क्रमशः वढ्दै गएको छ भने भंसारको योगदान घट्दै गएको छ । हुनु पर्ने स्थिति पनि यही हो । अन्तःशुल्कबाट कुल कर राजस्वको करीव १५ प्रतिशत जति हिस्सा प्राप्त हुन्छ । नेपालको कर राजस्व र कुल गार्हस्थ उत्पादनको अनुपात पनि वढ्दै गै १६ प्रतिशत जति कायम भएको छ जुन दक्षिण एशियाली मुलुकहरुमा निकै राम्रो मानिन्छ ।

यसरी नेपालको कर प्रणालीको वर्तमान स्वरुप, संरचान तथा यसको Performance राम्रो छ । तर, मुलुकको राजनीति तथा आर्थिक अवस्था र अन्तर्राष्ट्रिय प्रतिवद्धताको सर्न्दभमा कर प्रणालीमा केही समायोजनको खांचो छ । करका सैद्धान्तिक मान्यता, कर सुधार सम्वन्धी वर्तमान मूलधार तथा अन्तर्राष्ट्रिय राम्रा प्रयोगलाई मध्यनजर राखेर आयोगले दिएका निम्नानुसारका सुझावहरु नेपाल सरकारले कार्यान्वयन गरेमा नेपालको कर प्रणाली अरु परिमार्जित हुनेछ भन्ने आयोगको विश्वास छ ।

## संघीय वित्त व्यवस्था

संघीय वित्त व्यवस्थाको सिद्धान्त तथा अन्तर्राष्ट्रिय राम्रा प्रयोगका आधारमा भन्सार महसुल, मूल्य अभिवृद्धि कर, अन्तःशुल्क, संस्थागत आय कर, व्यक्तिगत आय कर, प्राकृतिक श्रोत कर, सामाजिक सुरक्षा कर, वन पैदावर शुल्क, र कार्वन कर केन्द्रीय तहमा लगाइनु पर्दछ, पूर्वानुमानित कर, टिकट दस्तुर, सवारी कर, घर जग्गा रजिष्ट्रेशन दस्तुर, जुवा, चिट्ठा र क्यासिनो कर, प्राकृतिक श्रोत कर, र शिक्षा सेवा कर प्रादेशिक स्तरमा लगाइनु पर्दछ भने घरजग्गा कर, मालपोत/भूमि कर, मनोरञ्जन कर, विज्ञापन कर, व्यवसाय कर, प्राकृतिक श्रोत कर, डुंगा, केवलकार संचालनमा लाग्ने कर, वयलगाडा, टांगा, जनावरमाथि कर र पार्किङ शुल्क स्थानीय तहमा लगाउनु पर्दछ ।

मूल्य अभिवृद्धि कर तथा अन्तःशुल्कलाई सहभाजित करको रुपमा प्रयोग गरी संकलित राजस्व केन्द्र तथा प्रदेशबीच विभाजन गरिनु पर्दछ भने घर जग्गा रजिष्ट्रेशन दस्तुरबाट संकलित राजस्व प्रादेशिक र स्थानीय सरकारवीच विभाजन गरिनु पर्दछ । केन्द्रीय सरकारले प्रादेशिक सरकारलाई र प्रादेशिक सरकारले स्थानीय सरकारलाई निःशर्त, सशर्त, समपुरक र अन्य अनुदान दिने व्यवस्था गरिनु पर्दछ ।

अन्तर-सरकारी वित्त मामिला सम्वन्धी व्यवस्था तथा सुझाव पेश गर्न हरेक ५ वर्षमा एक निष्पक्ष र स्वतन्त्र वित्त आयोग गठन गरिनु पर्दछ । यस्तो आयोगमा ३ विज्ञ रहने र आयोग २ वर्षका लागि गठन गर्ने व्यवस्था हुनु पर्दछ ।

संघीय व्यवस्थामा केन्द्रीय तथा प्रादेशिक सरकारले लगाउने करहरु वीच समन्वय कायम गर्न केन्द्र-प्रादेशिक वित्त व्यवस्था ऐन र प्रादेशिक/स्थानीय सरकारले लगाउन सक्ने कर तथा शुल्क सम्वन्धी मापदण्ड स्थापित गर्न एउटा नमुना प्रादेशिक कर कानुनको व्यवस्था गरिनु पर्दछ । यसैगरी केन्द्रीय र प्रादेशिक सरकारबीच तथा प्रादेशिक सरकारहरूबीच सम्पन्न गर्नुपर्ने सहमति वा समझदारी पत्रहरूको पनि विकास गर्दै जानु पर्दछ ।

## मूल्य अभिवृद्धि कर

मूल्य अभिवृद्धि करलाई राजस्वको मेरुदण्डको रुपमा विकसित गर्दै जानु पर्दछ र नीतिगत तथा प्रशासनिक सुधार गरेर कुल कर राजस्वमा यसको योगदान ३५ देखि ४० प्रतिशतसम्म पुऱ्याइनु पर्दछ । मूल्य अभिवृद्धि करको आधार विस्तार गर्नको लागि यस करमा दिइएका छुट सम्वन्धी प्रावधानहरु क्रमशः घटाउदै जानु पर्दछ । कर नलाग्ने कारोवारकोसीमा वढाइनु पर्दछ, दरलाई यथावत राखिनु पर्दछ, र शुन्य दर निकासीमा सिमित गरिनु पर्दछ । मूल्य अभिवृद्धि करको मूल मान्यता अनुरुप करलाग्ने कारोवारसँग सम्वन्धित वस्तु वा सेवामा तिरेको पूरै कर कट्टी गर्न पाइने व्यवस्था गरिनु पर्दछ, र कर फिर्ता व्यवस्थालाई सहज र प्रभावकारी वनाइनु पर्दछ । मूल्य अभिवृद्धि करको कार्यान्वयन पक्ष कम्जोर भएकोले आर्थिक वर्ष २०७२/७३ को पहिलो छ महिनामा यस करेका स्वेच्छिक दर्ता, समयमा विवरण नवुझाउने, समयमा कर नतिर्ने, र अधिक क्रेडिट विवरण तथा कर कट्टी रकम सम्वन्धी समस्या सुल्झाइ यस करलाई सार्क क्षेत्रमै नूनमा कर प्रणालीको रुपमा स्थापना गर्ने अठोट गरिनु पर्दछ ।

## आय कर

आय कर राजस्वको दोश्रो महत्वपूर्ण श्रोत हो र नीतिगत तथा प्रशासनिक सुधार गरी यस करबाट कुल कर राजस्वको एक तिहाइसम्म राजस्व संकलन गरिनु पर्दछ । सामाजिक न्यायको लागि प्रभावकारी रुपमा लागु गर्न सकिने कर पनि यही हो । आय करको आधार विस्तार गर्नका लागि मुलुकको विकास नीतिमा टेवा पुऱ्याउने, रोजगारी वढाउने, पिछडिएका क्षेत्रको औद्योगिक विकास गर्ने उद्देश्यले दिइएका छुट वाहेक अन्य छुट हटाउदै जानु पर्दछ । आधारभूत छुट रकमलाई मुद्रास्फितिको दरसँग आवद्ध गरिनु पर्दछ ।

प्राकृतिक व्यक्तिले अवकाश वचत स्वरुप स्वीकृत अवकाश कोषमा जम्मा गर्ने रकम, लगानी बीमा, सामाजिक उत्तरदायित्व र कर छुट पाएका संस्थाहरुलाई दिइने चन्दा उपहार वापत कट्टी गर्न पाउने रकमको मात्रा वढाइनु पर्दछ भने एउटा घर खरिद/निर्माण गर्दा लिएको कर्जाको साँवा तथा ब्याज बापत बार्षिक निश्चित रकमसम्मको भुक्तानी छुट दाबी गर्न सक्ने ब्यबस्था गरिनु पर्दछ ।

व्यक्तिगत आय करको न्यूनतम तथा उच्चतम सीमान्त दर वढी भएकोले घटाउनु पर्दछ र आय कर लाग्ने विभिन्न ब्राकेटको रकम वढाइनु पर्दछ । संस्थागत आय करको दरमा गरिएका विभिन्न कटौतिलाई क्रमिक रुपले हटाउदै संस्थागत कर सवै क्षेत्रमा समान किसिमले लाग्ने वातावरण सिर्जना गर्दै जानु पर्दछ । मुलुकको सर्वांगिण विकास नीतिमा सहयोग पुऱ्याउनको लागि लगानी आकर्षित गर्न संस्थागत आय करको दर अन्य सार्क मुलुकको आय करको दरभन्दा कम हुनु पर्दछ ।

भाडाका सवारी साधनमा प्रति सवारी साधनको


व्यक्तिगत आय हुनेले व्यक्तिगत स्थायी लेखा नम्बर लिऔं ।

आधारमा तोकिएको दर लामो समयसम्म यथावत राखिएकोले यसलाई वढाउनु जरुरी छ। घर वहाल कर संकलनमा केन्द्रले नगरपालिकालाई सहभागी बनाइ त्यसबाट संकलित राजस्वको ६० प्रतिशत केन्द्रले र ४० प्रतिशत नगरपालिका (स्थानीय निकाय) ले प्राप्त गर्ने व्यवस्था गरिनु पर्दछ।

वार्षिक रु. २० लाख देखि मूल्य अभिवृद्धि कर नलाग्ने सिमा सम्मको कारोवार गर्ने प्राकृतिक ब्यक्तिले सरलीकृत रुपमा कारोवार कर (Turnover tax) तिर्नु पर्ने व्यवस्था गरिनु पर्दछ।

### भंसार महसुल

भंसार महसुल माथिको निर्भरता घट्दै जाने भएतापनि नेपालको सिँगो कर प्रणाली तथा कर प्रशासनलाई पारदर्शि तथा प्रभावकारी वनाउन वस्तुको विस्तृत र सहि किसिमले वर्गीकरण गर्ने, मूल्यांकन पद्धति सुधार्ने, अवैध व्यापार नियन्त्रण गर्ने र व्यापार सहजिकरण गर्ने कार्य महत्वपूर्ण भैरहने हुदा भंसार व्यवस्थालाई सुदृढ गर्दै जानु पर्दछ।

मालवस्तुको पैठारी गर्नका लागि प्रतितपत्र खोल्दा सो को विस्तृत विवरण प्रतितपत्र एवं विलविजकहरुमा खोल्नु पर्ने व्यवस्थालाई अनिवार्य गरी प्रभावकारी रुपमा लागू गर्नु पर्दछ। उद्योगहरुले पैठारी गर्ने कच्चा पदार्थ, सरकारी पैठारी, सरकारी संस्थानको आयात र ५ प्रतिशतसम्म भन्सार महसुल लाग्ने वस्तुको पैठारीलाईसहज र सरल मूल्याँकन प्रणाली अवलम्वन गरी जाँचपास गर्नुपर्छ। राजस्वको दृष्टिकोणले महत्वपूर्ण वस्तुहरुको राष्ट्रिय तथा अन्तर्राष्ट्रिय वजार मूल्यको तथ्यांक संकलन गरी यसलाई अद्यावधिक गर्दै जानु पर्दछ।

स्वदेशी उद्योगले पैठारी गर्ने केही आधारभूत कच्चा पदार्थहरुमा आर्थिक वर्ष २०७२/७३ मा भंसार महसुल शुन्य प्रतिशतले लगाउने र यस्तो व्यवस्था आगामी वर्षहरुमा अन्य औद्योगिक कच्चा पदार्थ, सहायक कच्चा पदार्थ, रसायनिक पदार्थ, प्याकेजिंग सामाग्री र औद्योगिक मेशिनरीको सन्दर्भमा पनि विस्तार गर्दै जानु पर्दछ।

सन् २०१६ देखि साफ्टा पूर्ण रुपमा कार्यान्वयनमा आई व्यापार उदारीकरण कार्यक्रमसमाप्त हुने भएकोले संवेदनशील सूचीमा परेका मालवस्तुहरु वाहेक अन्यको हकमा नेपालले ५ प्रतिशतभन्दा वढी पैठारी महसुल लगाउन सक्ने अवस्था नरहने हुंदा सार्क मुलुकहरुबाट पैठारी गरिने मालवस्तुमा लाग्ने पैठारी महसुलको संरचना परिवर्तन गर्नु पर्ने हुन्छ। यसैगरीसार्क वाहेक अन्य मुलुकहरुबाट पैठारी गरिने मालवस्तु र साफ्टाको संवेदनशील सूचीमा समावेश गरिएका वस्तुमा लाग्ने भन्सार महसूलका दरको संख्या तथा तह घटाउदै जानु पर्दछ। साफ्टा लागु गर्ने सन्दर्भमा नेपालले व्यक्त गरेको क्षेत्रीय प्रतिवद्धता अनुसार संवेदनशील सूचीमा समावेश भएका वस्तुलाई क्रमशः यस सूचीबाट हटाउदै जानु पर्दछ। निकासी पैठारी गर्दा आवश्यक पर्ने कागजताको संख्या कटौति गरिनु पर्दछ।

### अन्तःशुल्क

अन्तःशुल्क लाग्ने वस्तुको संख्या सीमित राख्ने, निकासीलाई कर मुक्त गर्ने र अन्तःशुल्क व्यवस्थालाई स्वयं निस्काशन प्रणाली अन्तर्गत संचालन गर्ने नीति अपनाउदै जानु पर्दछ। सडक मर्मत तथा सुधार दस्तुर र प्रदुषण नियन्त्रण शुल्क खारेज गरेर पेट्रोल र डिजेलमा अन्तःशुल्क लगाउनु पर्दछ। यसैगरी दूर संचार सेवा दस्तुर लगाउनको सट्टा यस सेवामा अन्तःशुल्क लगाउनु पर्दछ। किचेन तथा वाथरुमका सामान, कुकुर विरालोको खाना, माछा मासुजन्य पदार्थ, जंक फुड लगायतका राजस्व नगण्य रुपमा प्रदान गर्ने र साधारणतया अन्तःशुल्कको दायरमा नआउने वस्तुमा लागेको अन्तःशुल्क खारेज गरिनु पर्दछ।

निकासी गरिने वस्तुको उत्पादनमा प्रयोग भएको कच्चा पदार्थमा लागेको अन्तःशुल्क फिर्ता दिने व्यवस्था हुनु पर्दछ। स्वयं निष्काशन प्रणाली सूर्तिजन्य पदार्थमा आर्थिक वर्ष २०७२/७३ मा लागू गर्ने र त्यसको प्रभाव मुल्यांकन समेतका आधारमा त्यसपछि मदिरामा लागू गर्ने व्यवस्था गर्नु पर्दछ।

### मालपोत तथा घर जग्गा रजिष्ट्रेशन दस्तुर

मालपोत/भूमिकरका दरहरुलाई आवधिक रुपमा पुनरावलोकन गर्ने, जग्गाधनीले चाहेमा ५ वर्षको मालपोत एकैपटक तिर्न सक्ने व्यवस्था गर्ने, घर जग्गा करको न्यूनतम छुट हटाउने, दर घटाउने, र न्यूनतम र अधिकतम दरको सीमा तोक्ने, व्यवस्था गर्नु पर्दछ। घर जग्गा रजिष्ट्रेशन दस्तुरलाई कारोवार मूल्यमा लगाउने र दर घटाउने व्यवस्था गर्नु पर्दछ भने पुर्ख्यौली सम्पतिको स्वामित्व हस्तान्तरणमा लाग्ने रजिष्ट्रेशन दस्तुरको दर वढाउनु पर्दछ।

### सवारी कर

सवारी कर एकद्वार प्रणाली अन्तर्गत संकलन गर्नु पर्दछ।

### सामाजि सुरक्षा कर

सामाजिक सुरक्षा करलाई विकसित गर्दै जाने क्रममा कर्मचारी तथा रोजगारदाता दुवैको योगदान हुनु पर्ने व्यवस्था लागु गर्नु पर्दछ। निवृत्तिभरण सम्वन्धी वर्तमान योगदान रहित व्यवस्थाको सट्टा योगदानमा आधारित व्यवस्था लागु गर्नु पर्दछ र निवृत्तिभरण आयको भुक्तानीमा एक प्रतिशतका दरले लाग्ने सामाजिक सुरक्षा कोष करलाई खारेज गर्नु पर्दछ।

### पुनर्निमाण कर

आर्थिक वर्ष २०७२/७३ र आर्थिक वर्ष २०७३/७४ मा व्यक्तिगत तथा संस्थागत आय करको आधारमा पुनर्निर्माण कर लगाउनु पर्दछ।

### गैर कर

गैर करका दरलाई समसामयिक वनाउने, हाल कुनै किसिमले प्रयोग नभएका सरकारी सम्पत्तिको विक्रीबाट थप राजस्व परिचालन गर्ने र राष्ट्रिय स्तरको कल्याणकारी कोष, वैदेशिक रोजगार प्रवर्धन कोष, सैनिक, प्रहरी तथा सशस्त्र प्रहरी कोषहरु, ग्रामीण दूर संचार कोष जस्ता कोषहरुमा अनुत्पादक स्थितिमा रहेको रकम अर्थतन्त्रको पुनर्निर्माण कार्यमा लगाउने व्यवस्था गर्नु पर्दछ।

### राजस्व प्रशासन

राजस्व वोर्ड स्थापना गर्ने, राजस्व सेवा लागु गर्ने, कर्मचारीहरुको दरवन्दी श्रृजना, छनौट, नियुक्ति, पदस्थापन, सरूवा, वढुवा, तथा कार्य सम्पादन मूल्यांकन जस्ता सवै पक्षहरुको सुधार गर्नु पर्ने, कर्मचारी प्रशिक्षण युद्ध स्तरमा लागु गर्ने, करदाता शिक्षालाई निरन्तरता दिनु पर्दछ। आर्थिक वर्ष २०७२/७३ र २०७३/७४ लाई राजस्व प्रशासनको क्षमता वृद्धि वर्षको रुपमा लिइनु पर्दछ।

### प्रशासकिय पुनरावलोकन

प्रशासकिय पुनरावलोकनलाई छिटो छरितो वनाउनको लागि प्रशासकिय पुनरावलोकनको अधिकारलाई महानिर्देशकले प्रत्यायोजित गर्न सक्ने वा महानिर्देकको सट्टा उपमहानिर्देशकको नेतृत्वमा छुट्टै महाशाखा खडा गरी सोबाट गर्ने व्यवस्था मिलाउनु पर्दछ। यस सम्वन्धी निर्णय ६० दिन भित्र गरि सक्नु पर्ने र धरौटी राख्न आवश्यक नहुने गर्नु पर्दछ।

### पुनरावेदन

पुनरावेदन सम्वन्धी व्यवस्थालाई प्रभावकारी वनाउन यसको वनोट, संख्या तथा समयावधी मा सुधार हुनु पर्दछ।

### कर विवाद समस्या समाधान समिति

आन्तरिक राजस्व विभागको संरचना बाहिर एउटा छुट्टै स्वतन्त्ररुपले काम गर्ने गरी एउटा तीन सदस्यीय कर विवाद समस्या समाधान समितिको व्यवस्था गरिनु पर्दछ।

### सम्पत्ति घोषणा

तोकिएको रकम भन्दा माथिको चल अचल सम्पत्ति भएको प्राकृतिक व्यक्तिले आय करको प्रयोजनका लागि अनिवार्य रुपमा सम्पत्ति घोषणा गर्ने व्यवस्था गर्नु पर्दछ। यसरी विवरण दाखिला गर्ने व्यक्तिको सम्पत्ति निश्चित रकमभन्दा वढी थप भएको अवस्थामा पहिला पेश गरेको सम्पत्तिको विवरणमा समावेश गर्नकोलागि विबरणहरु दाखिला गर्दै जानु पर्ने व्यवस्था गर्नु पर्दछ।

### कर संहिता

कर संहिता हाल आय कर, अन्तशुल्क, भंसार महसुल, मूल्य अभिवृद्धि कर जस्ता विभिन्न करका लागि छुट्टा छुट्टै ऐन नियम लागु गरिएकोमा ती सवै कानूनकोसट्टा सवै करको प्रयोजनका लागि एउटै कर संहिता (Tax Code) तयार गर्नु पर्दछ।

### अन्त्यमा

नेपालको कर प्रणालीको वर्तमान स्वरुप र संरचना राम्रो छ। तर मुलुकको राजनीति तथा आर्थिक अवस्था र अन्तर्राष्ट्रिय प्रतिवद्धताको सन्दर्भमा कर प्रणालीमा केही समायोजनको खांचो छ। करका सैद्धान्तिक मान्यता तथा अन्तर्राष्ट्रिय राम्रा प्रयोगलाई मध्यनजर राखेर आयोगले दिएका विभिन्न सुझावको कार्यान्वयनबाट नेपालको कर

प्रणाली अरु परिमार्जित हुनेछ ।

आयोगका सुझावको कार्यान्वयनबाट कर प्रणाली आर्थिक दृष्टिकोणबाट वढी सक्षम हुने, कर परिपालन लागत र कर संकलन खर्च घट्ने, कर प्रणाली लगानी मैत्री हुने, राजस्व उत्पादक, लचक तथा समान हुने र प्रशासनिक पुनर्संरचनाबाट कर प्रशासनको कार्य कुशलता बृद्धि भै कर प्रणाली सवै क्षेत्रमा समान तथा प्रभावकारी रुपमा कार्यान्वयन हुनेछ ।

**धन्यवाद ज्ञापन**

मुलुकको कर प्रणालीलाई समसामयिक वनाउन आवश्यक सुझावहरु पेश गर्ने जस्तो गहन जिम्मेवारी दिनु भएकोमा माननीय अर्थ मन्त्री डा. रामशरण महतज्यू तथा नेपाल सरकार प्रति हार्दिक आभार व्यक्त गर्दछौं । यसैगरी अर्थ सविच श्री सुमनप्रसाद शर्मा, राजस्व सचिव श्री नवराज भण्डारी, सामान्य प्रशासन मन्त्रालयका सचिव श्री राजन खनाल, अर्थ मन्त्रालय राजस्व व्यवस्थापन महाशाखाका प्रमुख तथा सहसचिव श्री लक्ष्मण अर्याल र अर्थ मन्त्रालाय राजस्व व्यवस्थापन महाशाखाका उपसचिव श्री चण्डी घिमिरेवाट निरन्तर रुपमा प्राप्त भएको सहयोगका लागि उहांहरुलाई हार्दिक धन्यवाद दिन चाहन्छौं ।

आयोगको सचिवालय आन्तरिक राजस्व विभाग लाजिम्पाटमा स्थापना गरिएको थियो । आयोगले काम शुरु गरेको दिन देखि अन्तिम दिनसम्म आवश्यक सचिवालयगत उत्कृष्ट सुविधाहरु तथा उदार संस्थागत सहयोगको लागि आन्तरिक राजस्व विभागका महानिर्देशक श्री चुडामणी शर्मा, उपमहानिर्देशकहरु श्री राम मणी दवाडी, श्रीमती चन्द्रकला पौडेल, श्री अजुन प्रसाद पोखरेल र श्री लक्ष्मीप्रसाद यादव तथा समस्त आन्तरिक राजस्व विभाग परिवार प्रति आभारी छौं । आयोगको सचिवालयमा कार्यरत आन्तरिक राजस्व विभागका निर्देशक श्री गोपाल प्रसाद घिमिरे तथा शाखा अधिकृत श्री डोलिन्द्र प्रसाद शर्मा आयोगमा शुरु देखि अन्त्यसम्मका सम्पूर्ण कार्यमा अटूट रुपमा सहभागि हुनु भएको थियो र उहांहरुको करको सैद्धान्तिक, नीतिगत, तथा कानूनी व्यवस्थाको राम्रो ज्ञान, लामो व्यवहारीक अनुभव, कडा परिश्रम तथा सकारात्मक सोचवाट आयोग निकै लाभान्वित भएको थियो । यसको लागि उहांहरु दुवैजना प्रति आयोग आभारी छ । यसैगरी आयोगमा काज खटिनु भएका अर्थ मन्त्रालयका उपसचिव श्री डिकरदेव भट्ट, राजस्व अनुसन्धान विभागका निर्देशक श्री खिम वहादुर कुवर, भंसार विभागका निर्देशक श्री कुलराज ज्ञवाली र करदाता सेवा कार्यालय नयांसडकका प्रमुख कर अधिकृत श्री हरिशचन्द्र ढकालवाट आयोगलाई उपयोगी सुझावहरु प्राप्त भएका थिए । त्यसको लागि उहांहरु सवैलाई हार्दिक धन्यवाद दिन चाहन्छौं । यसै गरी अर्थ मन्त्रालयका सहसचिव श्री मणिराम ओझा, महान्यायाधिवक्ताको कार्यालयका उपन्यायाधिवक्ता श्री हरिशंकर ज्ञवालीको योगदानको सह्राना गर्दछौं ।

आयोगले श्री विद्याधर मल्लिकवाट राजस्व प्रशासनको संगठनात्मक स्वरुपको वारेमा तथा श्री तिर्थमान शाक्यबाट संघीय व्यवस्थाको संविधानमा गरिनु पर्ने आर्थिक कार्यप्रणालीको वारेमा विज्ञको रुपमा परामर्श सेवा प्राप्त गरेको थियो । उहांहरुको अमूल्य योगदानका लागि दुवैजना प्रति हार्दिक आभार व्यक्त गर्न चाहन्छौं ।

आन्तरिक राजस्व विभागका महानिर्देशक श्री चुडामणी शर्माले पनि आयोगको प्रतिवेदनको केही भाग सम्पादन गर्नका साथै महत्वपूर्ण सुझावहरु दिनु भएको थियो । यसैगरी आन्तरिक राजस्व विभागका उपमहानिर्देशक श्री राममणी दुवाडीले आयोगको प्रतिवेदनलाई सुक्षम रुपमा आद्योपान्त सम्पादन गर्नका साथै अमूल्य सुझावहरु दिनु भएको थियो । यसको लागि उहांहरु दुवैजना प्रति हार्दिक आभार व्यक्त गर्न चाहन्छौं । यसैगरी भंसार सम्वन्धी अध्याय परिमार्जन गर्न भंसार विभागका महनिर्देशक श्री शिशिर ढुंगानावाट प्राप्त योगदानको सह्राना गर्दछौं ।

आयोगले व्यवस्थापिका–संसदको अर्थ समितिसंग गरेको अन्तरक्रिया कार्यक्रममा समितिका माननीय सभापति श्री प्रकाश ज्वाला र समितिका माननीय सदस्यहरुले महत्वपूर्ण सुझावहरु प्रदान गर्नु भएकोमा उहांहरु प्रति हार्दिक आभार व्यक्त गर्न चाहन्छौं । यसैगरी आयोगको कार्याअवधि भित्र अन्तर्राष्ट्रिय मुद्रकोषबाट श्री कियोशी नाकायामाको नेतृत्वमा श्री आतुर स्वीस्तक, श्री मिखायल डाली तथा श्री रिकार्डो भारसानो सदस्य रहेको नेपालको विस्तृत कर सुधार सम्वन्धी मिशन र श्रीमति डेव्रा एडाम्सको नेतृत्वमा श्री पिटर वारण्ड र डेभिड कार सदस्य रहेको नेपालको कर प्रशासनको सुधार सम्वन्धी मिसनसंग नेपालको कर प्रणाली तथा कर प्रशासनको सुधारका वारेमा गरिएको विस्तृत छलफल आयोगको लागि निकै उपयोगी भएको थियो । त्यसको लागि दुवै मिशनका नेता तथा सदस्यहरु प्रति आयोग हार्दिक आभार व्यक्त गर्दछ ।

आयोगले प्रारम्भिक सुझावहरुको वारेमा श्री विद्याधर मल्लिक, डा.रुप ज्योति, श्री भानु प्रसाद आचार्य, डा.युवराज खतिवडा, डा.डिल्लीराज खनाल, श्री रामेश्वर खनाल, श्री राजन खनाल, श्री दिपेन्द्रबहादुर क्षेत्री, डा.मदनकुमार दहाल, डा. पुष्प कंडेल, डा.विजय के.सी., डा. गोविन्द वहादर थापा, श्री नारायण प्रसाद सिलवाल, श्री निरन्जन टिवडेवाल, श्री तिर्थराज उपाध्याय, श्री नरेन्द्र भट्टराई, श्री रत्नराज बज्रचार्य, श्री के.बी.चित्रकार र श्री श्याम दाहालबाट समेत अमूल्य सुझावहरु प्राप्त भएका थिए । त्यसको लागि उहांहरु प्रति हार्दिक कृतज्ञता ज्ञापन गर्दछौं । यसैगरी आयोगले आफ्ना प्रारम्भिक सुझावहरु नेपाल उद्योग वाणिज्य महासंघ, नेपाल च्याम्वर अफ कमर्स, नेपाल आर्थिक पत्रकार समाज, नेपाल वार एशोसियसन समक्ष समेत प्रस्तुत गरको थियो र सहभागिहरुवाट महत्वपूर्ण सुझाव प्राप्त भएका थिए । आयोगले श्री महा प्रासद अधिकारी, श्री केशवप्रासद आचार्य, श्री पवन कुमार ओझा, श्री जगदीश अग्रवाल, र श्री निर्मलहरि अधिकारीसंगको छलफल पनि निकै उपयोगी भएको थियो ।

आयोगले नेपाल उद्योग वाणिज्य महासंघसंग सहकार्य गरेको थियो । यस सन्दर्भमा विरगंज, भरतपुर, विराटनगर, पोखरा, दमौली, नेपालगंज र ती विभिन्न स्थान नजिकका अन्य उद्योग वाणिज्य संघ लगायतका विभिन्न संघ संस्थासंग अन्तरक्रिया कार्यक्रमको आयोजना गरेको थियो । यस सहकार्यका लागि आयोग नेपाल उद्योग वाणिज्य महासंघ प्रति आभारी छ ।

यसैगरी आयोगले नेपाल उद्योग परिषद, नेपाल च्याम्वर अफ कर्मस, नेपाल चार्टर्ड एकाउटेण्टस् संस्था, चार्टर्ड एकाउण्टेण्टस् संघ, अडिटर एसोसिएसन अफ नेपाल, नेपाल वार एसोशिसय, नेपाल आर्थिक पत्रकार संघ संग पटक पटक अन्तरक्रिया कार्यक्रम आयोजना गरेको थियो र ती कार्यक्रमका सहभागीहरुबाट उपयोगी सुझावहरु प्राप्त भएका थिए । त्यसको लागि उहांहरु प्रति आयोग हार्दिक कृतज्ञता ज्ञापन गर्दछ । यसैगरी आयोगललाई अन्य विभिन्न संघ, संस्था तथा व्यक्तिहरुबाट कर सुधार सम्वन्धी विभिन्य सुझावहरु प्राप्त भएका थिए र त्यसको लागि आयोग सवै सुझावदातालाई हार्दिक धन्यवाद दिन चाहन्छ ।

यसैगरी श्री शुशिल प्रधान, श्री प्रभात उप्रेति तथा श्री गोविन्दप्रसाद श्रेष्ठको योगदानको पनि आयोग सह्राना गर्दछ । आयोगलाई आन्तरिक राजस्व विभागका शाखा अधिकृत श्री चन्दनकुमार कर्ण, आन्तरिक राजस्व विभागका सूचना प्रविधि अधिकतहरु श्री रमेश सुवेदी, श्री विनोद विडारी, तथा श्री नवलकिशोर साह र भंसार विभागका तथ्यांक अधिकृत श्री रामकृष्ण रेग्मी, भंसार विभागका सूचना अधिकृत श्री रामदत्त भट्ट तथा आन्तरिक राजस्व विभागकी कम्प्यूटर अपरेटर सुश्री मुना के.सी.बाट प्राप्त भएको विविध किसिमको सहयोगका लागि उहहरुलाई हार्दिक धन्यवाद दिन चाहन्छौं ।

अन्त्यमा, प्रतिवेदनको डिजाइन अकार्षक रुपमा गरेर प्रतिवेदनलाई यस स्थितिमा पुऱ्याउन सहयोग गर्नु भएकोमा श्री ध्रुव वस्नेतलाई हार्दिक धन्यवाद दिन्छौं ।

**उच्चस्तरीय कर प्रणाली पुनरावलोकन आयोग, काठमाण्डौं**
**२०७२ अषाढ २० गते**

# आन्तरिक राजस्व कार्यालय, काठमाण्डौं क्षेत्र नं. २




## परिचय

आन्तरिक राजस्व कार्यालय काठमाडौं क्षेत्र नं. २ को स्थापना तत्कालिन कर कार्यालय काठमाडौं क्षेत्र नं. ३ तथा मूल्य अभिवृद्धि कर कार्यालय काठमाडौंको आंशिक कार्यक्षेत्रलाई गाभेर २०५८ साउनमा भएको हो। काठमाडौं महानगरपालिका वडा नं. ११, १२, १७, १८, १९, २०, २१, २२, २३, २४, २५, २६, २७, २८ र ३० मा बैंकिङ, वीमा, र सहकारी लगायत तोकिएका क्षेत्रको वार्षिक रु.५ करोडदेखि २५ करोडसम्म कारोबार भएका तथा अन्यको हकमा सोही वडाहरुमा वार्षिक रु.५ करोडदेखि ४० करोडसम्म कारोबार भएका करदाताहरु कार्यालयको कार्यक्षेत्र भित्र पर्दछन्।

उक्त कार्यक्षेत्र अन्तर्गत हाल यस कार्यालयमा ५३७ करदाता दर्ता रहेकामा सो मध्ये ३८८ करदाता मू.अ.करमा समेत दर्ता रहेका छन्। विवरणहरु शत प्रतिशत Online मार्फत प्राप्त हुने गरेको छ।

यस कार्यालयको मूल्य मान्यता देहाय अनुसार रहेका छन्

- करदाता मैत्री व्यवहार,
- व्यवसायिकता,
- उत्कृष्ट सेवाको प्रत्याभूति,
- सकारात्मक सोच सहितको कार्यान्वयन क्षमता
- राज्यका नीतिप्रतिको निष्ठायुक्त प्रतिवद्धता एवं
- सदाचारलाई कार्य संस्कृति र जीवन पद्धतिको रुपमा अनुशरण।

## कार्यालयको प्रमुख उद्धेश्य

कर प्रणालीलाई समतामूलक, स्वच्छ, पारदर्शी, मितव्ययी, दक्ष र आधुनिक प्रविधियुक्त वनाउने सन्दर्भमा "करदाता मैत्री कर प्रशासन : सम्बृद्धि र सुशासन हाम्रो अभियान" भन्ने नारालाई मूर्तरुपमा उतार्न देहायबमोजिमका उद्देश्य निर्धारण गरिएको छ।


- करदाताको कर सहभागिता लागत तथा सरकारको कर संकलन लागतलाई घटाउँदै लैजाने,
- स्वेच्छिक कर सहभागिता प्रवर्द्धन गर्ने,
- करदातालाई उत्कृष्ट सेवा प्रदान गर्ने,
- करदाताको अधिकारको संरक्षण गर्ने,
- करको न्यून सहभागिता गर्ने वा सहभागिता नगर्नेका लागि दवावमूलक कर परीक्षण तथा अनुसन्धानमूलक कर परीक्षणको लागि सांगठनिक क्षमता सुदृढ गर्ने,
- आन्तरिक राजस्व परिचालनमा वृद्धि गर्ने।

## कार्यालयको कार्यसंचालन रणनीति

- करको दायरा विस्तार गर्न करदाता शिक्षा तथा बजार सर्भेक्षणमा जोड दिने,
- दिगो तथा फराकिलो राजस्व वृद्धिको आधार वनाउन बजार अनुगमन तथा संकलन भ्रमणमा जोड दिने,
- व्यवसायको शुरु र समापन सम्मका प्रक्रियामा सहजता ल्याउने,
- विद्युत्तीय सुशासनबाट करदाताको

## कार्यालयको दरवन्दी संरचना

| सि. नं. | पद नाम | सेवा | समूह | श्रेणी | स्वीकृत दरवन्दी | | पदपूर्ति | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | स्थायी | करार | स्थायी | करार | फाजिल | |
| १ | प्रमुख कर प्रशासक | प्रशासन | | रा.प.प्र. | १ | | १ | | | |
| २ | प्रमुख कर अधिकृत | प्रशासन | राजस्व | रा.प.द्वि. | ६ | | ५ | | | |
| ३ | कर अधिकृत | प्रशासन | राजस्व | रा.प.तृ. | १९ | | १९ | | | १ जना अर्थ मन्त्रालयमा काज |
| ४ | शाखा अधिकृत | प्रशासन | सा.प्र. | रा.प.तृ. | १ | | १ | | | |
| ५ | सूचना प्रविधि अधिकृत | विविध | | रा.प.तृ. | १ | | १ | | | |
| ६ | कम्प्यूटर अधिकृत | विविध | | रा.प.तृ. | २ | | २ | | | |
| ७ | लेखा अधिकृत | प्रशासन | लेखा | रा.प.तृ. | १ | | १ | | | |
| ८ | नायव सुव्वा | प्रशासन | राजस्व | रा.प.अनं.प्र. | ६ | | ६ | | | २ जना भन्सार विभागमा काज |
| ९ | लेखापाल | प्रशासन | लेखा | रा.प.अनं.प्र. | १ | | १ | | | |
| १० | डा.ई.सु. | विविध | | रा.प.अनं.प्र. | १ | २ | १ | ० | २ | |
| ११ | टा.ना.सु. | प्रशासन | | रा.प.अनं.प्र. | १ | | १ | | | |
| १२ | खरिदार | प्रशासन | राजस्व | रा.प.अनं.द्वि. | ० | | ० | ० | २ | |
| १३ | ह.स.चा. | | | विहीन | | ३ | ० | २ | ५ | १ जना अर्थ मन्त्रालयमा काज |
| १४ | का.स. | | | विहीन | | ३ | ० | | ४ | |
| १५ | वरिष्ट चार्टर्ड एकाउण्टेण्ट | विशेषज्ञ | | | | १ | | | | |
| | जम्मा | | | | ४० | ९ | ३९ | २ | १३ | |




व्यावसायिक लागतमा कमी ल्याउने,

- व्यावसायिक संगठन संरचनाको निर्माण, सकारात्मक सोच र कार्यशैलीको विकास गर्ने,
- राजस्व चुहावटका सम्भाव्य क्षेत्रको पहिचान गरी दवावमूलक कार्यबाट निरुत्साहित बनाउने,

## कार्यालयको स्वीकृत संगठन संरचना

## कार्यप्रवाह पद्धति

२०७१ साल श्रावणबाट यस कार्यालयको कार्य प्रकृति र कार्यक्षेत्रमा परिवर्तन आए सँगसँगै कार्यालयमा विद्यमान जनशक्तिबाट थप कार्यक्षेत्रको कार्य सम्पन्न गर्न स्वीकृत संगठन संरचनामा कार्यालयबाट देहाय अनुसार हेरफेर गरी कार्य प्रवाह गर्दै आएको छ। कार्यालयको कार्यसम्पादन पूर्ण रुपमा कार्यात्मक रुपमा हुने गरेको र प्रोत्साहन भत्ता समेत कार्य प्रगतिको आधारमा शाखागत रुपमा प्रदान गर्ने गरिएको छ। हरेक कर्मचारीको कार्य जिम्मेवारी तोकिएको र मासिक रुपमा कार्य सम्पन्नताको मूल्यांकन हुने गरेको छ।

## वार्षिक वजेट र कार्यान्वयन

आर्थिक वर्ष २०७१/०७२ को जेष्ठ मसान्तसम्ममा यस कार्यालयको लागि चालु तर्फ रु. ३ करोड ६५ लाख ९५ हजार ६२७ र पूँजीगत तर्फ २५ लाख ५० हजार बजेट विनियोजन भएकोमा उक्त अवधिमा चालु र पूँजीगत तर्फ क्रमश: ७६.७१ र ४९.८२ प्रतिशत खर्च भएको छ।

## अभिलेख व्यवस्था

विगतमा करदाताका फाइलहरुलाई कम्प्युटर मार्फत् Location Number कायम गरी फाइल शाखामा करदाता सेवा कार्यालयका आधारमा फाईल र्‍याकमा व्यवस्थित गरी राखिएकोमा २०७२ वैशाख १२ गतेको महाभूकम्पले यस कार्यालयको बबरमहल स्थित मूल भवनमा क्षति पुर्‍याएकाले फाइल शाखामा रहेका करदाताका फाइलहरु राखिएका सम्पूर्ण र्‍याकहरु लडेर फाइलहरु यत्रतत्र छरिएकोमा हाल यो कार्यालयले साविक कार्यालय भवनकै नजिक घर भाडामा लिईसकेकोले परिवर्तित कार्यक्षेत्र बमोजिम अन्य कार्यालयको कार्यक्षेत्र भित्र पर्ने फाइलहरुलाई सम्वन्धित कार्यालयमा पठाउने तथा यस कार्यालयको कार्यक्षेत्र अन्तर्गतका करदाताहरुलाई कम्प्यूटर प्रणाली मार्फत नै नयाँ Location Number कायम गरी व्यवस्थापन गर्ने कार्य भईरहेको छ।

## लक्ष्य र संकलन

विगत केही वर्ष यता यस कार्यालयबाट राजस्व असुली हुने नगरेकोले यस कार्यालयको लागि तोकिएको वार्षिक लक्ष्य वास्तविकताको नजिक हुन नसकिरहेको अवस्थामा २०७२ वैशाखको महाभुकम्पको कारण उत्पन्न भएको प्रतिकूल परिस्थितिका बावजुद यस कार्यालयको आ.व. २०७१/०७२ को जेष्ठसम्मको राजस्व संकलन लक्ष्य र प्रगति देहाय बमोजिम रहेको छ।

| | २०७२ जेष्ठ सम्मको | | |
|---|---|---|---|
| विवरण | लक्ष्य (रकम रु. हजारमा) | संकलन (रकम रु. हजारमा | प्रतिशत |
| आयकर | ११५१६४५ | ७४१३४९ | ६४.३७ |
| घरवहाल कर | ७४८६७ | ३२९३४ | ४३.९९ |
| व्याज कर | ६६१०४ | ३७७१४ | ५७.०५ |
| मू.अ.कर (आन्तरिक) | ४६३९७९ | ३५६६४९ | ७६.८७ |
| अन्त:शुल्क (आन्तरिक) | | ७०२ | |
| स्वास्थ्य सेवा कर | ७९२२ | ६६४४ | ८३.८७ |
| शिक्षा सेवा शुल्क | १०१८ | ५३२ | ५२.२९ |
| जम्मा | १७६५५३५ | ११७६५२५ | ६६.६४ |

## सम्पादन गरिएका उल्लेख्य कार्यहरू

- यस कार्यालयको कार्यक्षेत्रमा नपर्ने तर यस कार्यालय अन्तर्गत लग अन रहेका ७९२ करदाताहरु यस कार्यालयबाट लग अफ गरी सम्वन्धित कार्यालयमा लग अन गरिएको।
- भौगोलिक क्षेत्रको आधारमा आन्तरिक राजस्व विभागबाट एकमुष्ठ रुपमा सम्वन्धित क्षेत्रमा लग अन गर्न नसकी यस कार्यालयको कार्यक्षेत्रमा रही रहेका करदाताहरुको समस्या पहिचान गरी उक्त समस्याको स्थायी समाधान गर्न करदाताको दर्ता सम्वन्धी अभिलेख समेत अद्यावधिक गरी सम्वन्धित कार्यालयमा लग अन गरिएको।
- मू.अ.कर तर्फ विवरण नबुझाउने करदाताहरुको प्रतिशत १४.९ बाट ४.३ मा झारिएको।
- मू.अ.कर तर्फ चौमासिक कर विवरण बुझाउने करदाताहरुको मासिक विवरण बुझाउने गरी कर अवधि परिवर्तन गरिएको।
- यस आ.व.मा अनुसन्धान शाखाबाट डिप्रोक्स नेपालको रु. १९.०८ करोड आयकर निर्धारण गरिएको।
- आन्तरिक राजस्व विभागबाट प्राप्त पिपल्स फाईनान्सको उजुरी सम्वन्धमा अनुसन्धान शाखाबाट रु. २.१९ करोड आयकर निर्धारण गरिएको।

## कार्यसम्पादनको क्रममा देखिएका समस्याहरू:

- स्थायी लेखा नम्वर नभएका आयकर वक्यौता रहेका कतिपय करदाताहरु यस कार्यालय अन्तर्गत नपर्ने तर त्यस्ता करदाताको वक्यौता रकम समेतको गणनाबाट लक्ष्य तोकिएकोले लक्ष्य हासिल गर्न कठिन भएको।
- अन्य कार्यालयमा सरी गएका करदाताको बेरुजु समेत यस कार्यालयको नाममा लगत कायम भईरहेकोले वढी लक्ष्य कायम भई सोको आधारमा कम प्रतिशत प्रगति देखिने गरेको।
- वि.सं. २०७२ साल वैशाख १२ को विनाशकारी महाभूकम्प र सो पछिका पराकम्पनहरुबाट कार्यालयको भवन बस्न र प्रयोग गर्न असुरक्षित भनी शहरी विकास तथा भवन निर्माण विभागबाट रातो स्टिकर टाँस भएको हुँदा कार्य गर्ने पर्याप्त स्थान र करदाताका कार्यालयमा रहेका कागजातहरुको उपलब्धतामा समस्या भई कार्यसम्पादनमा कठिनाई उत्पन्न भएको।
- महाभूकम्पले फाइल शाखामा रहेका करदाताका फाइलहरु राखिएका सम्पूर्ण

न्याकहरु लडेर फाइलहरु यत्रतत्र छरिएकोले आन्तरिक राजस्व विभाग, कर फछ्र्यौट आयोग, २०७१, विभिन्न अदालतहरु र विभिन्न कार्यालयहरुबाट मागिएका करदाताका फाईलहरु र सो सम्वन्धी विवरणहरु समयमै उपलब्ध गराउन नसकिएको ।

- भूकम्प प्रभावित क्षेत्रमा क्षतिको विवरण संकलन र राहत वितरणको लागि कार्यालयबाट ९ जना कर्मचारीहरु १ महिना भन्दा बढी समयसम्म काजमा खटिंदा कार्यालयको काम प्रभावित भएको ।
- भाडामा लिइएको घरबाट आ.रा.का. क्षेत्र नं. १ र २ दुईवटैले प्रयोग गर्दा कार्य सम्पादन गर्न पर्याप्त स्थान अभाव भएको ।
- आयकर तथा मू.अ.कर विवरणको आधारमा समेत करदाता छनौट पौष महिनामा मात्र भएको र वैसाख १२ गतेको विनाशकारी भूकम्पको असरले कर परीक्षण लगायत कार्यात्मक तथा राजस्वको लक्ष्य हासिल गर्न कठिनाई भएको ।
- आय विवरण पेश गर्दा अनुसूची १३ को कारोवारको विवरण प्रविष्टि नगर्दा जरिवानाको कुनै व्यवस्था नहुँदा विवरण प्रविष्टि नभएको कारणले मिसम्याच बढी देखिने, जसले गर्दा भिडानका लागि बढी समय व्यतित हुने तथा सही विवरण प्रविष्टि गर्ने सरल व्यवस्था नहुँदा समस्या देखिएको ।

### समस्या समाधानका लागि गरिएका प्रयास

- महाभूकम्प पश्चात् यस कार्यालयको क्षतिग्रस्त मूल भवनको नजिकै रहेको सानो भवनको ४ कोठा तथा छतमा पाल राखी कार्यालयले आफ्नो कार्य सम्पादन गरेको । हाल कार्यालयले साविक कार्यालय भवनको नजिकै घर भाडामा लिई उक्त घरबाट कार्यसम्पादन सुचारु गरिएको छ । यस कार्यालयले लिएको उक्त भाडाको घरमा अर्को व्यवस्था नभएसम्मको लागि आन्तरिक राजस्व कार्यालय काठमाडौं क्षेत्र नं. १ समेत रहने व्यवस्था मिलाइएको छ ।
- कार्यालयलाई तोकिएको लक्ष्य हासिल गर्न तथा भूकम्पबाट उत्पन्न प्रभाव हटाई कार्यालय व्यवस्थित गर्न विहान, वेलुकी र सार्वजनिक विदाको दिनमा समेत कार्यालय संचालन गरी कार्यसम्पादन गरिएको ।

### आगामी योजना:

- यस कार्यालयको कार्यक्षेत्र बाहिरका सम्पूर्ण करदाताहरुको फाईल सम्वन्धित कार्यालयमा पठाउने । यस कार्यालयका करदाताहरुको फाईल स्था.ले.नं., नाम, ठेगाना र प्रोप्राईटरको नामबाट समेत भेटिने गरी नयाँ Location सिर्जना गरी व्यवस्थित गर्ने ।
- भाडामा लिएको भवनमा टेलिफोन लाईन जोड्ने, सोलार प्लान्ट स्थानान्तरण गर्ने, कार्यालयको पार्टेशन गर्ने र फ्लोरिङ गर्ने ।
- २०७२ श्रावणको दोश्रो हप्ता भित्र आगामी वर्षको लागि वार्षिक तथा मासिक कार्ययोजना बनाई सो अनुरुप कार्य गरी लक्ष्यको शत प्रतिशत भन्दा बढी प्रगति हासिल गर्ने ।
- करदाता शिक्षाको माध्यमबाट स्वेच्छिक कर सहभागिता अभिवृद्धि गर्ने ।
- करदाताको स्पष्ट पहिचान गर्न सकिने गरी करदाताको प्रोफाइल परिमार्जन गर्ने ।
- कार्यालयबाट सम्पादन हुने कार्यलाई चुस्त दुरुस्त बनाई पारदर्शी तथा करदाता सेवा मैत्री सेवा प्रवाह गर्ने ।
- करदाताको कारोबार स्थलको अनुगमन, प्रभावकारी अनुसन्धान तथा कर परीक्षणको माध्यमबाट राजस्व चुहावटलाई नियन्त्रण गर्ने ।
- साविकमा कार्यालय रहेको भवनको सम्वन्धमा शहरी विकास तथा भवन निर्माण विभागबाट विस्तृत अध्ययन भई प्राप्त हुने प्रतिवेदनका आधारमा उक्त भवन भत्काउने वा उपयोग गर्ने वारे निर्णय लिइने ।
- आर्थिक विधेयक, २०७२ ले गरेका विशेष व्यवस्थाहरुको प्रभावकारी कार्यान्वयन गरिने ।

### अन्य निकायसँग समन्वय र अपेक्षा

- कार्यालयले लिएको भाडाको घरमा पार्टेशन, फ्लोरिङ एण्ड फर्निसिङ, सोलार जडान लगायतका भौतिक सुविधाको व्यवस्था गरी कार्यालयलाई व्यवस्थित गर्न विभागबाट आवश्यक वजेटको व्यवस्था हुनुपर्ने ।
- कार्यालयको साविकको भवनको सम्वन्धमा शहरी विकास तथा भवन निर्माण विभागबाट स्पष्ट राय सहितको प्रतिवेदन प्राप्त भएपछि सो बमोजिम कार्यालयको लागि आफ्नै भवनको व्यवस्था गर्न विभागबाट आवश्यक पहल हुनुपर्ने ।
- स्थायी लेखा नं. र स्पष्ट ठेगाना नभएको करदाताको बक्यौता असुली तथा बेरुजु फछ्र्यौटमा कठिनाइ भएकोले कार्यालयमा रहेका यस्ता करदाताको सम्वन्धमा विभागबाटै उपयुक्त संयन्त्रको निर्माण गरी टुंगो लगाउनु पर्ने ।
- एउटा कार्यालयबाट अन्य कार्यालयमा सरेका करदाताको बेरुजु र बक्यौता स्वत: सर्ने व्यवस्था मिलाउनु पर्ने ।
- कार्यालयमा पर्याप्त कर्मचारी रहने व्यवस्था हुनु पर्ने । ◆

## करको दायरा विस्तार गर्न उद्योगीको सुझाव

राजस्व परामर्श समिति, नेपाल उद्योग वाणिज्य महासंघ र पोखरा उद्योग वाणिज्य संघद्वारा असार १४ गते पोखरामा बजेट पूर्वको अन्तरक्रिया कार्यक्रमको आयोजना गरिएको छ । कार्यक्रममा अर्थ मन्त्रालय राजस्व शाखाका सचिव श्री नवराज भण्डारीले विकास आयोजनामा गरिने पूँजी खर्च गर्न बजेटको अभाव नहुने बताउनुभयो । सचिव भण्डारीले राजस्व सङ्कलनमा वृद्धि हुँदै गएकाले वैदेशिक ऋण घटाउँदै गएको जानकारी दिनुहुँदै सरकारको ऋण तिर्ने क्षमता बढ्दै गएको देखेर विदेशी दाताहरू अनुदानभन्दा ऋण दिन बढी जोड दिने गरेको उल्लेख गर्नु भएको थियो ।

आन्तरिक राजस्व विभागका महानिर्देशक श्री चुडामणि शर्माले गत वैशाख १२ गतेभन्दा अघि यस आर्थिक वर्षमा रू. पाँच खर्ब १२ अर्बभन्दा बढी राजस्व उठाउने लक्ष्य राखिएकोमा भूकम्पपछि सबै उद्योग, व्यापार र पर्यटनमा क्षति पुऱ्याएकाले करीब रू. चार खर्ब ८० अर्ब मात्रै राजस्व सङ्कलन हुने बताउनुभयो ।

भन्सार विभागका महानिर्देशक श्री शिशिरकुमार ढुङ्गानाले भन्सारका दर कम गरेर भए पनि उद्योग, कलकारखानाको संरक्षण गर्न सरकार सकारात्मक रहेको विचार व्यक्त गर्नु भएको थियो। राजस्व अनुसन्धान विभागका महानिर्देशक श्री बालकृष्ण घिमिरेले पर्यटन क्षेत्रलाई माथि उकास्न र आयात प्रतिस्थापन गर्न आगामी वर्षको बजेटले सम्बोधन गर्ने बताउनुभयो । सङ्घका कार्यवाहक अध्यक्ष देव क्षेत्रीको अध्यक्षतामा भएको उक्त कार्यक्रममा राजस्व परामर्श समितिका संयोजक श्री लक्ष्मण अर्याल, नेपाल उद्योग वाणिज्य महासङ्घका पूर्वअध्यक्ष आनन्दराज मुल्मी, क्षेत्रीय उद्योग वाणिज्य सङ्घका अध्यक्ष सञ्जीवबहादुर कोइराला, सङ्घका पूर्वमहासचिव नारायण कोइराला लगायतका वक्ताले बजेटका सम्बन्धमा आ-आफ्नो धारणा राखेका थिए ।

कार्यक्रममा यस क्षेत्रका उद्योग वाणिज्य सङ्घका प्रतिनिधि, व्यापारी, उद्यमी एवं वुद्धिजीवीले सरकारले आगामी वर्षको बजेटमा करको दर घटाएर करको दायरा बढाउनुपर्ने, बजेट कार्यान्वयन हुनुपर्ने र पूँजीगत खर्च बढाउनुपर्ने सुझाव दिएका थिए । क्षेत्रीय स्तरको उक्त कार्यक्रममा वक्ताले वयोवृद्ध करदातालाई राज्यले जीविकोपार्जनका लागि केही भत्ता दिनुपर्ने, राजस्व सङ्कलन लक्ष्यमुखी भन्दा पनि उपलब्धिमुखी हुनुपर्ने, बजेटले आर्थिक गतिविधि चलायमान बनाउनुपर्ने धारणा राखेका थिए ।

# करदाता सेवा कार्यालय, बालाजु

## परिचय

आर्थिक गतिबिधिको विकास एवं विस्तार करदाताको पहुँच र कार्यबोझको अनुपात आदिलाई मध्यनजर गर्दै आन्तरिक राजस्व बिभाग र मातहत कार्यालयको संरचना समयानुकूल परिवर्तन गर्ने अभिप्रायले आर्थिक बर्ष २०६६/०६७ को बजेट बक्तब्यले निर्दिष्ट गरेको राजस्व नीति, उद्देश्य तथा रणनीति अनुरुप राजस्व प्रशासनलाई सवल, सक्षम र सुदृढ तुल्याई राजस्व संकलनमा बढोत्तरी ल्याउनका लागि करदाता मैत्री ब्यबहारको प्रबर्द्धन र कर प्रशासनमा करदाताको सहज पहुँच, करदातालाई छिटो छरितो र गुणस्तरीय सेवा प्रदान गर्ने, करदाताको अनुगमनमा प्रभावकारिता ल्याउने र करदाताको पहुँच बिस्तार गर्ने तथा राजस्व प्रशासनलाई अझ बढी चुस्त, सरल, पारदर्शी र करदातामैत्री बनाउने अभिप्रायले मिति २०६८/०३/१० मा करदाता सेवा कार्यालय बालाजुको स्थापना भएको हो ।

## यस कार्यालयको कार्यक्षेत्र

- काठमाडौ जिल्ला का.म.न.पा. वडा नं. १६ सबै ।
- साविक गोंगबु, मनमैजु, फुटुङ्ग, धर्मस्थली, काभ्रेस्थली, जीतपुरफेदी, गोलढुङ्गा र साङ्ला आठ ओटा गा.वि.सहरु हाल तारकेश्वर नगरपालिका सबै र टोखा नगरपालिकाका केही वडाहरु ।
- नुवाकोट जिल्ला र रसुवा जिल्ला सबै ।


यस कार्यालयको कार्य संचालनको लागि का.म.न.पा. वडा नं. १६ बसन्तनगरमा तीन तला घर र एउटा टहरो कार्यालय संचालनको लागि भाडामा लिई कार्यालय संचालन गर्दै आइरहेको छ। कार्यालयको आफ्नै भवन नहुँदा स्थानको अपर्याप्तता रहेको छ।

यस कार्यालयको कार्यसंचालनको लागि प्रमुख कर अधिकृत १, कर अधिकृत ८, शाखा अधिकृत १, कम्प्युटर अधिकृत १, नायवसुव्वा ७ लेखापाल १ समेतको स्वीकृत दरबन्दी १९, तथा करार तर्फ डा.ई.सु ५, ह.स.चा. २ र का.स २ समेत ९ गरी जम्मा २८ जना जनशक्ति रहेको छ । स्वीकृत दरवन्दी मध्ये ४ जना ना.सु.पदपूर्ति हुनको लागि लोकसेवा आयोगमा माग आकृति फाराम भरी पठाइएको छ। हाल फाजिलमा ४ कार्यालय सहयोगी, कम्प्युटर अपरेटर १ र खरीदार १ गरी जम्मा ३४ मध्ये ३० जना कर्मचारी कार्यरत रहेका छन् ।

हाल यस कार्यालयबाट २०११६ करदाताले प्रत्यक्ष रुपमा सेवा लिइरहेका छन् जसमध्ये आयकरमा १५१६१, मू.अ.करमा ४९५५ करदाता दर्ता रहेका छन । आय विवरण मू.अ.कर विवरण तथा अन्तःशुल्क विवरण Online पेश गर्ने व्यवस्था भए अनुरुप करदाताले आफ्नो आयविवरण, मू.अ.कर विवरण तथा अन्तःशुल्क विवरण E-filing पद्दति अनुसार स्वंय पेश गर्ने गरेका छन् । यद्यपी मदिरा उत्पादन गर्ने डिष्टिलरीहरुले अन्तःशुल्क मास्केवारी मेनुअल नै बुझाउने गरेका छन् । जसअनुसार आ.व. २०६९/२०७० मा Online आय विवरण पेश गर्ने करदाताको संख्या ८५०१ थियो । आ.व.२०७०/०७१ Online आय विवरण पेश गर्ने करदाताको सँख्या ११७३८ थियो। यस चालु आ.व.को जेष्ठ महिना सम्ममा Online आय विवरण पेश गर्ने करदाताको सँख्या १३०७२ पुगेको छ। यसरी Online आय विवरण पेश गर्ने संख्या क्रमशः वढ्दै गइरहेको छ।

## कार्यप्रवाह तालिका

यस कार्यालयबाट सम्पादन गरिने करदाता सेवा शाखा, संकलन शाखा र करपरीक्षण तथा अनुसन्धान शाखाका कार्यहरुलाई प्रभावकारी ढंगबाट संचालन गर्न र करदातालाई छिटो छरितो सेवा प्रदान गर्नको लागि कार्यालयका प्रत्येक अधिकृत तथा कर्मचारीहरुलाई कार्य जिम्मेवारी तोकिएको र सोही बमोजिम कार्यसंचालन भएको छ। कार्यालयको कार्यप्रवाहलाई देहाय मोजिम तालिकामा प्रस्तुत गरिएको छ।




## बार्षिक बजेट तथा कार्यक्रम

आर्थिक बर्षमा यस कार्यालयको लागि चालु तर्फ रु. १ करोड ६९ लाख ९० हजार ८ सय ९३ र पूँजीगत तर्फ रु.८ लाख ५० हजार समेत गरी जम्मा रु.१७८४०८९३।०० बजेट विनियोजन भएको छ। सो विनियोजित बजेट मध्ये जेठ महिना सम्ममा चालुतर्फ रु. १ करोड २१ लाख ६३ हजार ७ सय अर्थात ५१.५८ प्रतिशत खर्च भएको छ भने पूँजीगत तर्फ रु. ३ लाख २१ हजार ५ सय ८८ अर्थात ३७.८३ प्रतिशत खर्च भएको छ । यसै बिनियोजित बजेटको अधिनमा रही यस कार्यालयले बिभिन्न गतिविधि एवं कार्यक्रमहरु सञ्चालन गर्दै आएको छ । यस कार्यालयमा दर्ता हुन आएका करदाताहरुको फाइलहरुलाई चाहेको बेलामा तुरुन्त निकाल्न सकिने गरी कम्प्युटर प्रणालीमा (computer system) मा प्रविष्ट गरी लोकेशनमा चुस्त, दुरुस्त र पारदर्शी तरिकाबाट व्यवस्थित गरी राखिएको छ । त्यसै गरी कार्यात्मक लक्ष्य अनुसार सम्पादन गरिएका कार्यहरुको अभिलेख पनि व्यवस्थित गरी राखिएको छ।

## संकलन लक्ष्य र प्रगति

राजस्व संकलनको लक्ष्य असुली तर्फ

विश्लेषण गर्दा यस कार्यालयको आ.व.२०७१।०७२ लागि राजस्व संकलनको वार्षिक लक्ष्य रु. १९९ करोड १७ लाख ३६ हजार तोकिएको छ भने जेष्ठ महिनासम्मको लक्ष्य रु. १७३ करोड १४ लाख ५३ हजार रहेकोमा जेष्ठ महिनासम्ममा रु. १६६ करोड ४९ लाख १० हजार संकलन भई लक्ष्यको तुलनामा ९६.१६ प्रतिशत प्रगती भएको छ। जेष्ठ महिनासम्मको लक्ष्य अनुसार प्रगति भएतापनि हालै गएको विनासकारी भुकम्पको कारणबाट बार्षिक लक्ष्य हासिल गर्ने कार्य चुनौतिपूर्ण देखिएको छ। राजस्व संकलनको बिगत तीन बर्षको प्रवृत्ति देहाय अनुसार रहेको छ।

रु हजारमा

| राजस्व शिर्षक | वार्षिक लक्ष्य | जेठ सम्मको लक्ष्य | जेठसम्मको प्रगति | प्रगति |
|---|---|---|---|---|
| आयकर | ३१०४७८ | २८४८४१ | २८६९७४ | १००.७५ |
| घर बहाल कर | १४३१२२ | १०६३३१ | ४४९४१ | ४२.२७ |
| व्याज कर | ४७०१४ | ३८७३५ | ३४०२१ | ८७.८३ |
| मूअकर | २९४४८९ | ३०१२४६ | ३३१९०८ | ११०.१८ |
| अन्त:शुल्क कर | ११८२९३८ | ९८७४०८ | ९५५२१४ | ९६.७४ |
| स्वास्थ्य सेवा कर | ५१२४ | ५२५६ | ३३९० | ६४.५१ |
| शिक्षा सेवा कर | ८५७१ | ७६३६ | ८४६१ | ११०.८० |
| जम्मा | १९९१७३६ | १७३१४५३ | १६६४९१० | ९६.१६ |

## बिगत ३ वर्षको राजस्व संकलनको प्रबृत्ति

राजस्व शिर्षक रु हजारमा

| आ.व. | | आयकर | बहालकर | व्याज कर | मूअकर | अन्त:शुल्क | शिक्षा सेवा कर | स्वास्थ्य सेवा कर | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|
| २०६८/०६९ | लक्ष्य | ३५६१०१ | ३४५८९ | २३४११ | ३४६९१७ | ५२७०४२ | ५९०४ | | १२९३९६४ |
| | संकलन | २६४५५५ | ३६३४७ | २२१७१ | २९९११७ | ६००७१७ | ४८१८ | | १२२८२७१ |
| | प्रतिशत | ७४।२९ | १०५।०८ | ९४।७१ | ८६।२२ | ११३।९८ | ८१।६१ | ५४६ | ९४।९२ |
| २०६९/०७० | लक्ष्य | २८२५२१ | ५०२०७ | ३३२५८ | ३७६२९५ | ७३७३८४ | ५७८४ | ०० | १४८५४४९ |
| | संकलन | ३७८४६३ | ४७२५३ | ३६२९१ | ३८४०१६ | ७०५३३६ | ५६५३ | ४१८० | १५६११९२ |
| | प्रतिशत | १३३।९६ | ९४।१२ | १०९।१२ | १०२।०५ | ९५।६५ | ९७।७३ | ०० | १०५।१० |
| २०७०/०७१ | लक्ष्य | ५२१७५५ | ५१५९८ | ४३०६५ | ४३४९७० | ८७२७२१ | ७३४१ | ४४०९ | १९३५८५९ |
| | संकलन | ४६२८०८ | ६८२०१ | ४०५०३ | ४४१५१२ | १०५०८४७ | ७८०५ | ४४१८ | २०७६०९५ |
| | प्रतिशत | ८८।७० | १३२।१८ | ९४।०५ | १०१।५० | १२०।४१ | १०६।३२ | १००।२० | १०७।२४ |

## सम्पादन गरिएका उल्लेखनीय कार्यहरू

गत आ.ब.मा यस कार्यालयको बेरुजु शून्य रहेको छ। चालु आ.ब.मा बेरुजु फछ्र्यौट लक्ष्यको तुलनामा ५० प्रतिशत प्रगति हासिल भएको छ। करदातालाई कर सम्बन्धी बिषयमा जानकारी दिनको लागि करदाता शिक्षा पुस्तिका बितरण गरी जानकारी मूलक सूचनाहरु उपलब्ध गराइएको छ।

## कार्यसम्पादनमा आइपरेका समस्याहरू

(क) साना करदाताहरुमा कम्प्युटर सम्बन्धी ज्ञानको अभाव भएकोले आय विवरण र मू.अ.कर विवरण भर्ने क्रममा त्रुटिपूर्ण विवरणहरु भर्ने र पछि सच्चाई पाऊँ भन्ने निबेदन दिने तथा कतिपय करदाताहरुको विवरण कर्मचारीहरुले नै भरिदिनुपर्ने अवस्थाले कार्यबोझ बढ्न गएको तथा कतिपय करदाताहरुमा सूचना प्रविधिको पहुँच नभएको अवस्थामा Online Service मा केहि समस्या परेको छ। करदातालाई कर कानुन सम्बन्धी विषयमा आवश्यक जानकारी नहुँदा कर सहभागिता अपेक्षाकृत रुपमा बृद्धि हुन सकेको छैन।

(ख) पुराना आयकर बक्यौता असुली गर्नको लागि करदाताको ठेगानामा पत्राचार गर्दा उक्त व्यक्ति फेला नपरेको भनि पत्र फिर्ता आउने, टेलिफोन सम्पर्क नहुने, फर्मको सम्बन्धित ठेगानमा कर्मचारीहरु जाँदा फेला नपर्ने अवस्थाले गर्दा पुराना बक्यौताहरु संकलन गर्न समस्या आईपरेको छ।

(ग) Non Filler को सख्या घटाउन पुराना करदाताहरुलाई सम्पर्क गर्दा सम्पर्क नं. तथा ठेगाना पत्ता नलाग्ने तथा करदाताको ठेगानामा पत्राचार गर्दा उक्त ब्यक्ति फेला नपरेको भनी पत्र फिर्ता आउने, टेलिफोन सम्पर्क नहुने, फर्मको सम्बन्धित ठेगानामा कर्मचारीहरु जाँदा फेला नपर्ने अवस्थाले गर्दा पूर्ण रुपमा Non Filler घटाउन समस्या आईपरेको छ।

(घ) कार्यालयको कार्यक्षेत्र अन्तर्गत नुवाकोट र रसुवा जिल्ला समेत रहेको हुँदा करदातालाई कर सहभागिता सम्बन्धमा भौगोलिक रुपमा कठिनाई आएकोले कर सहभागिता लागत बढ्न गई तथा सेवा प्रवाहमा केही जटिलता थपिन गएको छ।

## समस्या समाधानका प्रयास

नागरिक वडापत्र राखी सेवा प्रवाह सम्बन्धी स्पष्ट जानकारी तथा सूचना दिईएको, विभिन्न व्यवसायी संघहरुको समन्वयमा करदाताले चाहेकै स्थान र समयमा करदाता शिक्षा कार्यक्रम सञ्चालन गरी कर सम्बन्धी जानकारी प्रदान गरिएको, करदाता शिक्षा कार्यक्रममा रसुवा र नुवाकोट जिल्लालाई विशेष प्राथमिकता दिईएको, बक्यौता असुली गर्न र Non Filler घटाउनका लागि बस्तुगत संघ, व्यवसायी संघ मार्फत पहल गरिएको। कार्यालयको Help Desk मा कर्मचारी राखी करदातालाई आवश्यक सहयोग गर्न आफुले लिनुपर्ने सेवा र सो सेवा प्राप्त गर्नुपर्ने शाखाका वारेमा जानकारी दिई सहज रुपमा सेवा प्रवाह गरिएको। विवरण भर्न नजान्ने साना करदाताहरुको लागि कार्यालयकै कर्मचारीहरुबाट कम्प्युटरमा विवरणहरु प्रविष्ट गर्ने व्यवस्था गरिएको।

## आगामी दिनमा गर्नुपर्ने सुधार

राजस्व संकलनको थप सम्भाब्यता बिश्लेषण गरी कार्ययोजना बमोजिमको लक्ष्य अनुरुप राजस्व संकलन गर्ने। बक्यौता संकलनमा थप जोडदिइ अटेर गर्ने करदातालाई कानुनी कारवाही गरेर बक्यौता संकलन गर्ने। बेरुजु न्युनीकरणमा जोड दिने। बजार तथा करदाताको कारोबार स्थल अनुगमनलाई निरन्तरता दिने। Non Filler को सख्या घटाउनको लागि लेखा परीक्षक, कर सहयोगीहरुसँग सम्पर्क समन्वय गर्ने। घरबहाल करको दायरा विस्तारमा जोडदिने। करपरीक्षण तथा अनुसन्धानलाई थप प्रभावकारी बनाउने।

## मालसामान तथा सेवा खरिद बिक्री गर्दा बिल विजक लिने दिने सम्बन्धी सूचना

मूल्य अभिवृद्धि कर ऐन, २०५२ बमोजिम वस्तु तथा सेवा बिक्री गर्दा बिक्रेताले क्रेतालार्य अनिवार्य रुपमा बिजक जारी गरे नगरेको अनुगमन गर्न आन्तरिक राजस्व विभाग तथा मातहत कार्यालयबाट बजारमा कर अधिकृत सहितको टोलीहरू खटाइएको छ। बिक्रेताले विजक जारी गरेको नपाइएमा वा कारोवार भन्दा घटीमा बिजक जारी गरेको पाइएमा मूल्य अभिवृद्धि कर ऐन बमोजिम कर अधिकृतले प्रत्येक पटक रु ५०००।- (पाँच हजार मात्र) तत्काले जरिवाना गर्न सक्नेछ। त्यसैले प्रत्येक बिक्रेताले वस्तु तथा सेवा बिक्री गर्दा अनिवार्य रुप्मा विजक जारी गर्नुहुन र वस्तु तथा सेवा खरीद गर्दा क्रेताले आफूले तिरेको मूल्यको अनिवार्य रुपमा विजक लिन हुन अनुरोध छ।

नेपाल सरकार
अर्थ मन्त्रालय
आन्तरिक राजस्व विभाग

# आन्तरिक राजस्व कार्यालय, लहान



**स्थापना:**

मुलुकको राजस्व परिचालनमा टेवा पुऱ्याउँदै आर्थिक विकासको गतिलाई क्रियाशिल बनाउन साविकको कर कार्यालय, लहान, कर कार्यालय, राजविराज र मूल्य अभिबृद्धि कर कार्यालय, लहान गाभिएर वि.स. २०५८ साल श्रावण १ गते आन्तरिक राजस्व कार्यालय, लहान स्थापना भएको हो । यो कार्यालय सगरमाथा अञ्चलको सिरहा जिल्ला, लहान नगरपालिका, गणेश चोकमा अवस्थित छ । नेपाल सरकारको मिति २०६७ श्रावणको निर्णयानुसार मिति २०६९ साल बैशाख महिना देखि उदयपुर जिल्लामा करदाता सेवा कार्यालय, गाईघाट स्थापना भई उदयपुर जिल्ला भरी करदाता सेवा सम्बन्धी सञ्चालन तथा राजस्व संकलनको कार्य गर्दै आएको छ ।

**कार्यक्षेत्र:**

यो कार्यालयको कार्यक्षेत्र समग्र सगरमाथा अञ्चल रहेको छ । यस अञ्चल अन्तर्गत ६ जिल्ला, क्षेत्रफल १०५९१ वर्ग कि.मि. र मिति २०६८ सालको जनगणना बमोजिम जनसंख्या २०,५४,३२६ रहेको छ । यो कार्यालयले सप्तरी, सिरहा, ओखलढुगां, उदयपुर, खोटाङ र सोलुखुम्बु जिल्लामा राजस्व परिचालन सम्बन्धी संचालन, संकलन, करको परिपालना बढाउने कर परीक्षण तथा अनुसन्धान सम्बन्धी कार्य कानुन बमोजिम प्रभावकारी र कार्यदक्षतापूर्ण ढंगले गर्दै आएको छ । कार्यालयले हरेक बर्ष औषतमा तीस हजार करदातालाई कर प्रशासन सम्बन्धी सेवा प्रदान गर्दै आएको छ । करदाता सेवा कार्यालय,




उदयपुरले उदयपुर जिल्लाको संचालन तथा संकलन सम्बन्धी कार्य गर्दै आएको छ । ओखलढुगां, खोटाङ र सोलुखम्बु जिल्लाहरुमा कोष तथा लेखा नियन्त्रण कार्यालयले संकलन सम्बन्धी कार्य र अन्त:शुल्क इजाजत सम्बन्धी कार्यमा सहयोग गर्दै आएको छ । यस कार्यक्षेत्रका करदाताहरु करिव ३०,००० रहेकोमा प्रति करदाता कर संकलनमा योगदान रु. ३०,००० रहेको छ ।

**दरबन्दी तथा पदपूर्तिको अवस्था**

आन्तरिक राजस्व कार्यालय लाहान स्थापना भएपछि यस कार्यालयको दरबन्दी पुर्नसंरचना भई देहाय बमोजिमको दरबन्दी र पदपूर्ति रहेको छ ।

| पद | दरबन्दी | पदपूर्ति | खाली |
|---|---|---|---|
| प्रमुख कर अधिकृत | १ | १ | |
| कर अधिकृत | ६ | ६ | |
| लेखापाल | १ | १ | |
| कम्प्युटर अधिकृत | १ | १ | |
| ना. सु. | ९ | ४ | ५ जना पदपूर्ति हुन बांकी |
| कम्प्युटर अपरेटर | १ | १ | |
| टा.ना.सु. | १ | १ | |
| कार्यालय सहयोगी | ७ | ७ | |
| जम्मा | २७ | २२ | |

- यसदेखि बाहेक फाजिलमा का.स. २ जनाका साथै सेवा करारमा डा.ई.सु. २ जना र का.स. १ जना गरी जम्मा २७ जना कर्मचारी कार्यरत रहेका छन् ।
- खरिदारबाट स्वत: नासुमा बढुवा हुने पद ४ जना र रिक्त ना.सु. १ जना गरी जम्मा ५ जना ना.सु. लोक सेवा आयोगवाट वढुवाको लागि माग आकृति स्विकृत भै सकेको हुँदा वढुवाको लागि विज्ञापन गर्न बाँकी रहेको छ ।

**घरजग्गा:**

लहान नगरपालिका वडा नं. २ को कि.नं. ८७ स्थित ५ कठ्ठा जग्गामा कार्यालयको आफ्नै अढाई तल्लाको पक्की भवन रहेको छ जुन कार्य सञ्चालनको लागि निकै साँघुरो भैरहेको अवस्था छ । कार्यालय परिसर वाहिर गाउँ ब्लकमा प्रमुख कर अधिकृत र अधिकृतहरुका लागि हाल साबै नवनिर्मित अढाई तले आवासिय भवन समेत रहेको छ । जुन आवासिय भवन निर्माण कार्य सम्पन्न भई हस्तान्तरणको अवस्थामा रहेको छ । साविक कर कार्यालय सप्तरी राजविराजका नाउँमा ०-६-० कठ्ठा जग्गा श्रेस्ता सहितको र ०-१२-० दर्ता हुन बाँकी गाउँ ब्लकको जग्गा सप्तरीमा रहेकोमा हाल सो जग्गा जिल्ला प्रशासन कार्यालय, सप्तरीको संरक्षणमा रहेको छ ।

**करदाता सम्बन्धी विवरण:**


२०७२ जेष्ठ मसान्तसम्म करदाताको संख्या निम्नबमोजिम रहेको छ ।

| Particulars | Business | Individual | Personal PAN |
|---|---|---|---|
| Excise | 82 | 462 | |
| PAN | 4,742 | 27350 | |
| Personal PAN | 0 | 35 | 13165 |
| VAT | 584 | 3803 | |
| Total | 5,346 | 31,650 | 13,165 |

- आ.ब.मा ३९९२ प्यानमा दर्ता भएका करदाताहरु, PPAN मा ३४२५ र २६० मू.अ.करमा थपिई करको दायरा फराकिलो हुंदै गएको छ ।
- मू.अ.करतर्फ शतप्रतिशत र आयकरतर्फ कर तर्फ पनि शत प्रतिशत विवरणहरु online प्रणालीबाट प्राप्त गर्ने गरिएको छ । ज्ञानको कमीका कारण Online विवरण दाखिला गर्न नसक्ने करदाताका लागि कार्यालयबाटै सम्भव भए सम्म सेवा दिने गरिएको छ ।

## कार्यालयको संरचना र दरवन्दी:

प्रत्येक अधिकृत तथा कर्मचारीलाई कार्य विवरण दिइएकोले आफ्नो जिम्मेवारी




तथा कार्य सम्पादन गर्न कुनै पनि द्विविधा नरहेको अवस्था छ ।

## कार्यालयको प्रगती समिक्षा:

आ.व. २०७०/०७१ मा कूल विनियोजित बजेट र खर्चको स्थिति निम्नानुसार रहेको थियो ।

| चालु बजेट | | |
|---|---|---|
| विनियोजन रु. | खर्च रु. | प्रतिशत |
| १६१५००००।०० | १४५६०११०।४७ | ९०।१२ |
| | | |
| पूंजिगत बजेट | | |
| विनियोजन रु. | खर्च रु. | प्रतिशत |
| १४१५००००।०० | ७४६०४२५।५३ | ५२।७३ |

गत आ.व.मा यस कार्यालयको लागि चालु तर्फ रु. १६१५०००० र पूंजिगततर्फ रु.१४१५०००० विनियोजन भएकोमा चालु तर्फ रु. १४५६०११०.४७ र पूंजिगतर्फ रु. ७४६०४२५.५३ खर्च भएको छ । जुन विनियोजत रकमको क्रमश: ९०.१२ र ५२.७३ प्रतिशत हो । पूंजिगत तर्फ न्यून खर्च हुनुमा कार्यालयको आवासगृह निर्माणाधिन अवस्थामा रहेको र तोकिएको समयमा कार्य सम्पन्न नभएको कारण रकम खर्च नहुनु कारक तत्वको रुपमा रहेको छ ।

चालू आ.व.मा यस कार्यालयलाई विनियोजित बजेट र सोको २०७२ जेष्ठ मसान्तसम्मको खर्चको स्थिति निम्नानसार रहेको छ ।

| चालु बजेट | | |
|---|---|---|
| विनियोजन रु. | खर्च रु. | प्रतिशत |
| १५२४४७२५।१५ | १४७६११०५।५७ | ९७ |
| पूंजिगत बजेट | | |
| विनियोजन रु. | खर्च रु. | प्रतिशत |
| ६९९३००० | ९०१११८ | १३ |

चालु आ.व.मा पूंजिगत खर्च कम हुनुमा कार्यालयको आवास गृहको फाईनल विल र कार्यसम्पन्न प्रतिवेदन प्राप्त भईनसकेकोले भुक्तानी हुन बाँकी रहेकोमा २०७२ आषाढ भित्र भुक्तानी हुने प्रक्रियामा रहेको छ ।

## अभिलेख व्यवस्था:

२०६३ साल माघ ५ र ७ गतेका दिन तराई मधेस आन्दोलनका क्रममा कार्यालयमा भएको आगजनीबाट सम्पूर्ण फायलहरु जलेर नष्ट भएको कारण पुराना करदाताहरुको अभिलेख नरहेको । सो पश्चात खोजेका फाइलहरु तुरुन्त पाइने गरी व्यवस्थापन गरी राखिएको छ । फाईल व्यवस्थापनका लागि हरेक बर्ष सुधार गरी प्रकाश छिर्ने, Adjustment Fan को व्यवस्था, फाईल राख्ने ऱ्याक तथा फाइल राख्ने कोठाहरु थप्ने कार्यहरु गरिदैं आएको छ ।


## लक्ष्य र असूली:


यस कार्यालयको लागि चालू आ.व.मा प्राप्त राजस्व असुलीको लक्ष्य र सोको २०७२ जेष्ठ मसान्तसम्मको प्रगती विवरण निम्नानुसार रहेको छ ।

रकम रु.(हजार)

| | २०७२ जेष्ठको | | | २०७२ जेष्ठसम्मको | | |
|---|---|---|---|---|---|---|
| समूह | मासिक लक्ष्य | मासिक संकलन | प्रतिशत | जम्मा लक्ष्य | जम्मा संकलन | प्रगती प्रतिशत |
| आयकर | 33441 | 23632 | 70.67 | 375308 | 334198 | 89.05 |
| वहालकर | 2005 | 1497 | 74.67 | 33532 | 18906 | 56.38 |
| व्याज कर | 527 | 2085 | 395.57 | 13626 | 13733 | 100.78 |
| जम्मा | 35973 | 27214 | 75.65 | 424466 | 366837 | |
| मू.अ.कर | 18154 | 15006 | 82.66 | 234154 | 212698 | 90.84 |
| अन्त:शुल्क | 42943 | 30740 | 71.58 | 433724 | 312870 | 72.14 |
| स्वास्थ्य सेवा कर | 1 | 4 | 436 | 872 | 1306 | 149.81 |
| शिक्षा सेवा शुल्क | 30 | 49 | 162.21 | 3362 | 3557 | 105.79 |
| कुल जम्मा | 97101 | 73013 | 75.19 | 1094578 | 897268 | 81.97 |

- त्रियुगा डिष्ट्रिलरी ठूला करदाता कार्यालयमा सरि गएको ।
- यस कार्यालय अन्र्तरगतका क्षेत्रहरुमा रहेका जिल्ला वन कार्यालयहरुबाट विगतमा काठ लिलामीवाट उल्लेख्य मू.अ.कर प्राप्त भएकोमा चालु आ.व.मा काठ लिलामीमा कमी भएको ।
- करदाताको राजस्व समायोजन नभएको ।
- अन्त:शुल्क लक्ष्य अत्याधिक भएको ।
- वार्षिक लक्ष्यको मासिक विभाजन




नमिलेको ।
- उल्लेख्य कर तिर्ने उद्योग कलकारखाना नभएको ।
- अधिकांश करदाताहरु तोकिएको साना प्रिजयाम्टीक कर तिर्ने भएको ।
- मिति २०७२ वैशाख १२, १३ र २९ गते गएको विनाशकारी महाभूकम्पले गर्दा आर्थिक कृयाकलापमा नकारात्मक असर

परेको ।

उल्लेखित कारणले गर्दा चालू आ.व.को २०७२ जेष्ठसम्मको कूल असुली लक्ष्यको तुलनामा कम देखिएको हो । चालू आ.व.को अन्त्यसम्ममा लक्षित राजस्व असुली हुने गरी कार्ययोजना अनुरुप कार्य गरिदै आएकाले बार्षिक राजस्व लक्ष्य प्राप्तिका लागी अथक प्रयास जारी राखिएको ।

## राजश्वको प्रवृतिगत विश्लेषण

- यस कार्यालयको राजस्व संकलनको कार्य प्रगतिमा बिगत तीन आर्थिक बर्षहरुको राजस्वका स्रोतहरुको अवस्था देहाय बमोजिम रहेको छ ।
- यस कार्यालयको कुल राजस्व संकलनमा आयकरको हिस्सा सबभन्दा बढी रहेको छ भने अन्तःशुल्क राजस्वको हिस्सा सोही हाराहारीमा रहेको छ । आयकरको हिस्सा औसतमा ३७ प्रतिशत रहेकोमा अन्तःशुल्कको हिस्सा औसतमा ३६ प्रतिशत रहेको छ। मूल्य अभिबृद्धि करको राजस्वमा हिस्सा औषतमा २५ प्रतिशत रहेको छ।
- समग्रमा मुलकको राजस्व संकलनको हिस्सा बमोजिम यस कार्यालयको आयकरको हिस्सा ठीक छ । अन्तःशुल्कको राजस्व संकलनको हिस्सा तुलनात्मक रुपमा बढी छ। मु.अ.करको राजस्व संकलनको हिस्सा तुलनात्मक रुपमा कम रहेको छ ।
- राजस्व संकलनको प्रवृत्ति बमोजिम यस कार्यालयको कार्यक्षेत्रमा आर्थिक क्रियाकलापहरु बढिरहेको अवस्था छ । अन्तःशुल्क जन्य बस्तुहरुको उत्पादनबाट प्राप्त राजस्व अधिक रहेको छ । तीन वटा मदिरा उत्पादन तथा निष्कासन गर्ने डिष्टिलरीहरु रहेकोले अन्तःशुल्कको राजस्वमा हिस्सा आयकरको हिस्साको हाराहरीमा रहेको हो । यस कार्यालयको कार्यक्षेत्रमा ठूला उत्पादन उद्योगहरु नरहेको, ठूलो बजार क्षेत्र नरहेको कारणले अन्य राजस्वको स्रोतको तुलनामा राजस्व संकलनमा मू.अ.करको हिस्सा कम छ ।
- अन्तःशुल्क राजस्व संकलनको हिस्सा तुलनात्मक रुपमा अधिक रहेको र सो राजस्व मदिरा उत्पादन तथा निष्कासन गर्ने डिष्टिलरीहरुबाट प्राप्त हुने भएकाले मदिराको उत्पादन तथा निष्कासन घट्दा राजस्व संकलनको लक्ष्य प्राप्ति कठिन हुने हुँदा यस कार्यालयका राजस्व परिचालनको आधार जोखिमपूर्ण रहेको छ ।

## कार्यात्मक लक्ष्य प्राप्तिको अवस्थाः

- आ.व. २०७०/०७१ मा यस कार्यालयको समग्र कार्यासम्पादन ग्रेडिङको 100 रहेको थियो ।
- चालू आ.व. २०७१/०७२ मा यस कार्यालयको कार्यात्मक लक्ष्य प्राप्तिको अवस्था निम्नानुसार रहेको छ ।

कार्यालयले गत बर्ष उत्साहप्रद रुपमा राजस्व संकलनमा १९ प्रतिशतको बृद्धि हासिल गरेको र कार्यात्मक लक्ष्यमा १०० प्रतिशत अंक प्राप्त गरेको थियो । आउंदा दिनमा पनि यो भन्दा राम्रो कार्य सम्पादन गर्न कार्यालयमा शाखागत कार्ययोजना बनाई कार्य भैरहेको छ । कर्मचारीहरुमा सदाचार, नैतिकवान, अनुशासन कायम गर्न अन्तरक्रिया तथा कर्मचारी बैठक जस्ता कार्यक्रम नियमित रुपमा राखिएकोले समग्र कार्यालयको कार्य सम्पादन वातावरणमा सुधार भएको आभास मिलेको छ ।

समग्रमा कर संकलन लक्ष्यको तुलनामा कम भएपनि कार्यात्मक लक्ष्यप्राप्तीमा कार्यालयको कार्यसम्पादन स्तर जेष्ठसम्म ९७.३१ प्रतिशत अर्थात् A++ रहेको छ । आषाढसम्मको कार्यालयको प्रगति स्थितिलाई अझ राम्रो वनाउन सबै शाखाहरुले कार्य योजना अनुरुप कार्यसम्पादन गरी रहेका छन् ।

सम्पादन गरिएका उल्लेख्य कार्यहरुः

- कार्यालय परिसरमा सरसफाईको व्यवस्था गरिएको ।
- आयकरको बार्षिक र मूल्य अभिबृद्धि करको मासिक तथा चौमासिक विवरण १०० प्रतिशत Online मार्फत् मात्र गर्ने व्यवस्था मिलाइएको ।
- ईटा व्यावसायीहरुलाई एकमुष्ट रुपमा पत्राचार गरी चौमासिक कर विवरण बुझाउनेहरुलाई मासिक वनाईएको ।
- मू.अ.कर ननफाइलर (मासिक) लाई एकल अंकमा झारिएको छ भने चौमासिक मू.अ.कर विवरणलाई पनि एकल अंकमा झार्न अथक प्रयास जारी राखिएको ।
- घुम्ती सेवाको आयोजना गरी करदाता सेवा प्रदान तथा स्थायी लेखा नम्बर वितरण गरिएको ।
- उदयपुरको कटारी, सप्तरीको राजविराज र सिराहाको सिराहा,गोलवजार र मिरचैयाका क्षेत्रमा घरवहाल सर्भेक्षण कार्य गरिएको ।
- संकलन भ्रमणलाई तिव्रता दिइएको ।
- प्रभावकारी रुपमा वजार अनुगमन गरिएको ।
- प्रहरीहरुको सहयोगमा अवैध मदिरा उत्पादन तथा बिक्री बितरणलाई नियन्त्रण गर्न उत्पादन स्थलहरु तथा अवैध मदिरा नष्ट गर्ने लगायतका कार्यहरु गरिएको ।
- करदाताहरु तथा कर प्रशासन बीचको सम्बन्ध सुमधुर बनाउन अन्तरक्रिया, करदाता शिक्षा कार्यक्रम लगायत कर दिवसको क्रममा कर प्रशासन र व्यापारीवर्ग विच मैत्रीपूर्ण फुटवल आयोजना गरिएको ।
- कार्यालयमा CCTV जडान गरी सुरक्षा प्रणालीलाई प्रभावकारी बनाईएको ।

## अन्य

करदाताहरुलाई आयकर, मू.अ.कर तथा अन्तःशुल्कमा दर्ता भएपछि निर्वाह गर्नुपर्ने दायित्वका सम्बन्धमा दर्ता गर्ने क्रममा नै प्रशिक्षित दिने गरिएको छ । आर्थिक ऐन, २०७१ ले प्रदान गरेका छुट सुविधाहरुको उपभोग गर्न पर्चा बांड्ने तथा माइकिङ गर्ने, एफ. एम. र अन्य सञ्चार माध्यमबाट प्रसारित गर्ने जस्ता प्रचारात्मक कार्यक्रमहरु समय समयमा गरी राखिएको ।

## सूचना तथा सन्देशः

करदाताहरुलाई करदाता शिक्षा, अनुशिक्षण, सार्वजनिक संचारको प्रयोग, पर्चा पम्पलेट वितरण, लगायतका माध्यमबाट सूचित गर्ने गरिएको । जसबाट करदाता स्वयंमले कर सम्बन्धी जानकारी पाई कर सहभागिता बढ्ने अपेक्षा राखिएको छ ।

## कार्यसम्पादनमा आइपरेका समस्याहरू

- कार्यालयको क्षेत्र सगरमाथा अञ्चलका खोटाङ, ओखलढुङ्गा र सोलुखुम्वु उच्च पहाडी तथा हिमाली क्षेत्र भएकोले करदाता सेवा प्रदान, करको परिपालना बढाउने, करदाता शिक्षा, कर शिविर सञ्चालन गर्ने र वजार अनुगमन गर्ने कार्य कठिन रहेको ।
- यस कार्यालयको राजस्व संकलनको प्रगतिको मुल आधार अन्तःशुल्क रहेको र मदिरा उत्पादन गर्ने डिष्ट्रिलरीहरुको बिगतको तुलनामा मदिराको उत्पादन तथा निष्कासनको कार्य कम रहेकोले हरेक महिनाहरुमा राजस्वको लक्ष्य पुऱ्याउन कठिन भएको।
- हरेक बर्षमा करदाताले पाउने छुटको व्यवस्था र बृहत कार्यक्षेत्रको कारणले बक्यौता असुली कठिन भएको ।- करदाताहरुको संख्याको तुलनामा कार्यालय परिसर सानो

रहेको र कार्यालयको भौतिक संरचना र Office Layout करदाता सेवा मैत्रि नभएको कारणले करदाता सेवा कार्यलाई थप प्रभावकारी बनाउन नसकिएको ।

- कार्यालयमा बि.सं. २०६३ मा आगलागि भएको कारणले कार्यालयको बिगतको अभिलेख सम्बन्धी करदाताको कार्य गर्दा कठिनाई हुने गरेको ।
- अधिकांश साना करदाताहरु कम्प्युटर चलाउन नसक्ने र करसम्बन्धी कार्य कम्प्युटरबाटै Online System मार्फत गर्नुपर्ने भएकोले करदातालाई र कार्यालयलाई बुझ्न र बुझाउने कार्य गर्नको लागि अधिक समय खर्च भएको ।
- ना.सु.स्तरिय दरबन्दी अनुसारको कर्मचारी नहुंदा भौतिक नियन्त्रण प्रणाली अन्तर्गत निष्काशन र सञ्चय हुने अन्तःशुल्कजन्य पदार्थको उत्पादन स्थलमा पूर्णकालीन कर्मचारी खटाउन गाह्रो परेको र यसबाट कार्यालय संचालनमा समेत चांप बढेको छ ।
- करदाताहरुलाई कर कानूनका पूर्ण ज्ञान नहुंदा कर सहभागिता अपेक्षाकृत रुपमा बढ्न सकेको छैन ।
- उच्च राजस्व बुझाउने करदाताहरु ठूला करदाता कार्यालयमा सरेका हुदां लक्ष्य अनुरुप राजस्व संकलन हुन नसकेको ।
- यस कार्यालयको कार्यक्षेत्रमा ठूलो ब्यापारिक तथा औद्योगिक बजार नभएको र अधिकाशंले आफ्नो घरमा नै व्यावसाय सञ्चालन गरेकोले घरवहालको लक्ष्य अधिक भएको ।
- त्यस्तै राजस्व संकलनमा सहजताका लागि कार्यालय परिसरमा बैंकको काउन्टर राख्न नसकिएको र भौगोलिक दृष्टिकोणले कतिपय स्थानमा राजस्व बुझ्ने बैकके ब्यवस्था नभएकोले करदातालाई र कार्यालयलाई कठिन भएको ।

### समस्या समाधानका प्रयासहरू

- करदाताको प्रोफाइल तयार गरी उच्च राजस्व भुक्तानी गर्ने करदाता र न्युन राजस्व भुक्तानी गर्ने करदाताको KNOW YOUR TAXPAYER को सिद्वान्त बमोजिम पहिचान गरिएको र उनिहरुको राजस्व भुक्तानीमा योगदान र प्रवृतिको बिश्लेषण गर्ने गरिएको ।
- बिगत आ.ब. हरुमा राजस्व भुक्तानी गर्ने करदाताहरु र हालको आ.ब.मा राजस्व भुक्तानी गर्ने करदाताहरुको राजस्व दाखिलाको आधारमा अध्ययन, बिश्लेषण, निष्कर्ष र सो बमोजिम कार्य गर्ने गरिएको ।
- सिराहा, सप्तरी र उदयपुर जिल्लाहरुमा प्रभावकारी रुपमा अनुगमन गरीएको केही कैफियत पाईएकोमा कार्य स्थलमा नै विशेष आदेश जरिवाना गरिएको ।
- ओखलढुगां, खोटाङ र सोलुखुम्बुमा कर शिविर संचालन गरी चालु आ.ब. को कर परीक्षण, बजार अनुगमन र करदाता सेवा सम्बन्धी कार्य गर्नको लागि तयारी गरिएको ।
- फाइल व्यवस्थापनको लागि र्‍याक र थप कोठाको व्यवस्थापन गरिएको ।
- रु. ५ लाख भन्दा बढी बक्यौता रहेका करदाताहरुबाट कारवाही सुरु गरिएको छ । जसमा २२ वटा करदाताहरुको जग्गा रोक्का राखी कानूनी कारवाही अगाडी वढाईएको ।
- करदाताको चाहना वमोजिम उद्योग वाणिज्य संघसँग समन्वयन गरी समय समयमा करदाता शिक्षा कार्यक्रम सञ्चालन गरी कर सम्बन्धी जानकारी प्रदान गर्ने गरिएको छ ।

### सुधारका लागि रणनीतिहरु

- राजस्व संकलनको थप सम्भाव्यता विश्लेषण गरी कार्ययोजना बमोजिम लक्ष्य अनुरुप राजस्व संकलन गर्ने ।
- बक्यौता असुलीमा थप जोड दिई अटेर गर्नेलाई कानूनी कारवाही गरेर बक्यौता असुली गर्ने । बेरुजु न्यूनीकरणमा जोड दिने ।
- बजार तथा करदाताको कारोबार स्थल अनुगमनलाई नियमित रुपमा संचालन गर्ने ।
- ननफाइलरको संख्या घटाउने ।
- घरबहाल करमा जोड दिने । यसका लागि संकलन सूचना गर्ने कार्य भैरहेको छ ।
- कर्मचारीहरुको दक्षतामा अभिबृद्धि गर्ने ।
- कार्यालयको स्तर A++ मा कायम राख्ने ।
- करदाता दर्ता र करदाता शिक्षा कार्यक्रम चलाउनुका साथै कार्यालयमा पनि नियमित रुपमा करदाता शिक्षा कार्यक्रम सञ्चालन गर्ने ।
- थप भौतिक सुधार गर्ने ।
- फाइलिङ व्यवस्थापन गर्न फाइल प्रणालीलाई कम्प्युटरीकृत गर्ने ।
- आगामी आ.व.देखि दर्ता, चलानी सफ्टवेयर प्रयोगमा ल्याउने ।
- कार्यरत कर्मचारीको क्षमता अभिबृद्धि गर्न प्रशिक्षण कार्यक्रम सञ्चालन गर्ने ।
- करदाता प्रतिक्षालय कक्ष निर्माण गरी टि.भी. राखी जानकारीमूलक सूचना प्रवाह गर्ने ।
- कर सम्बन्धी सामान्य जानकारी समेटिएको व्रोसर प्रकाशन गरी वितरण गर्ने कार्यलाई थप प्रभावकरी गर्ने ,।

### अन्य निकायसंगको अपेक्षाः

- सम्बन्धित निकायहरु उ.वा.संघहरु, विषयगत संस्थाहरु, गैर सरकारी संस्थाहरु, जिल्ला प्रशासन कार्यालय, नेपाल प्रहरी, सशस्त्र प्रहरी बल, भन्सार, राजस्व अनुसन्धानसँग आवश्यक समन्वय भई कार्य सम्पादन भैरहेको ।
- आन्तरिक राजस्व विभागबाट दरबन्दी अनुरुप पर्याप्त सक्षम जनशक्ती आपूर्ति भएमा उत्कृष्ट कार्य सम्पादन गर्न सकिने ।


## बहालधनीहरू करको दायरामा आउने सम्बन्धी अत्यन्त जरूरी सूचना

आयकर ऐन, २०५८ बमोजिम प्रत्येक प्राकृतिक ब्यक्तिले आफुले प्राप्त गरेको बहाल आयको दश प्रतिशतले हुने रकम बहालकर बापत राजस्व दाखिला गर्नुपर्ने र ब्यावसायिक कारोबार गर्नेले बहाल रकम भुक्तानी गर्दा दश प्रतिशत रकम कट्टा गरी राजस्वमा दाखिला गरेपछि मात्र बाँकी रकम घरधनीलाई भुक्तानी दिनुपर्ने ब्यवस्था रहेको छ । घर, बंगला, पसल, कम्प्लेक्स, डिपार्टमेन्टल स्टोर्स, अपार्टमेन्ट, जमीन, मेशिनरी औजार लगायतका सम्पत्ति भाडामा लगाई बहाल आय आर्जन गरिरहेका ब्यक्तिहरूलाई करको दायरामा ल्याउन आन्तरिक राजस्व कार्यालयहरू तथा करदाता सेवा कार्यालयहरूबाट कर्मचारीहरू घरदैलोमा खटाइसकिएका छन् । बहालयोग्य सम्पत्ति बहालमा लगाई आय आर्जन गरिरहेका तर बहालकर नतिरेका बहालधनीहरूले बहाल आय घोषणा फाराम भरी बहालकर बुझाई बहाल कर पुस्तिका अनिवार्य रुपमा लिनु हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

नेपाल सरकार
अर्थ मन्त्रालय
आन्तरिक राजस्व विभाग
लाजिम्पाट, काठमाडौं

# आर्थिक विधेयक, २०७२ ले गरेको थपघट, संशोधन र प्रदान गरेको छुट तथा सुविधाहरू

No Taxation with out Representation भन्ने सिद्धान्त तथा कसैलाई पनि कानून बमोजिम वाहेक कर लगाइने छैन भन्ने संवैधानिक प्रत्याभूति बमोजिम सरकारले जनप्रतिनिधिहरुबाट अनुमोदन गराई प्रत्येक वर्ष वजेट वक्तव्य संगसंगै आउने आर्थिक विधेयकहरुले विद्यमान कर कानूनहरुमा विभिन्न संशोधन/परिमार्जन, थपघट तथा छुट सुविधाहरु प्रदान गर्ने गरेको पाइन्छ। अर्थमन्त्री डा. रामशरण महतले २०७२ असार २९ गते व्यवस्थापिका संसदमा वजेट प्रस्तुत गर्दा सो साथ पेश भएको आर्थिक विधेयक, २०७२ ले करदाताहरुलाई केहि छुट तथा सुविधाहरु प्रदान गरेको छ भने विद्यमान आयकर ऐन, २०५८, मूल्य अभिबृद्धिकर ऐन, २०५२, अन्तःशुल्क ऐन, २०५८ समेतमा समसामयिक संशोधन समेत गरेको छ। उच्च स्तरीय कर प्रणाली पुनरावलोकन आयोग, २०७१ को प्रतिवेदन ग्रहण गर्दै आयोगले सिफारिस गरेको सुझावहरुलाई प्राथमिकताका आधारमा कार्यान्वयन गर्दै जाने अर्थमन्त्रीको प्रतिवद्धता अनुरुप सो आयोगले सिफारिस गरेको सुझावहरुलाई समेत दृष्टिगत गरी तथा राजस्व परामर्श समितिले दिएका सुझावहरु समेत विधेयक मार्फत कार्यान्वयनमा लगिएको देखिन्छ। त्यस्ता संशोधन, छुट तथा सुविधाहरुको वारेमा सरोकारवालाहरुलाई जानकारी गराउने प्रयास गरिएको छ।



प्रकाश शर्मा ढकाल
शाखा अधिकृत
आन्तरिक राजस्व विभाग

### क. स्वास्थ्य सेवा कर सम्वन्धमाः

- **करको दर** : नेपाल सरकारलेले संचालन गर्ने स्वास्थ्य सेवा र सामुदायिक अस्पतालहरुले प्रदान गर्ने स्वास्थ्य सेवा वाहेक अन्य व्यक्ति निकाय वा संस्थाले प्रदान गर्ने स्वास्थ्य सेवामा जारी विजक मूल्यको ५ प्रतिशतका दरले स्वास्थ्य सेवा कर लगाइने र असुल उपर गरिने व्यवस्था आर्थिक विधेयकको दफा ७ मा गरिएको छ।
- **कर निर्धारण** : स्वास्थ्य सेवा करमा हुन सक्ने छलीलाई नियन्त्रण गर्न तथा करदाताको पुनरावेदनको अधिकार (Right to Appeal) समेतलाई दृष्टिगत गरी विधेयकले कुनै व्यक्ति, संस्था वा निकायले स्वास्थ्य सेवा कर छलेको पाइएमा कर अधिकृतले कर निर्धारण गर्न सक्ने नयाँ व्यवस्था गरेको छ। त्यसरी कर निर्धारण गर्दा करदातालाई आफ्नो सफाई पेश गर्न १५ दिनको म्याद दिनु पर्ने व्यवस्था गरी आयकर, मूल्य अभिबृद्धि कर समेतमा भएको कर निर्धारण सम्वन्धी विषयसँग एक रुपता कायम गरेको छ।
- **व्याज तथा जरिवाना** : साविकमा रहेको म्याद भित्र कर दाखिला नगरेमा वार्षिक १५ प्रतिशत व्याज र विवरण दाखिला नगरेमा प्रति विवरण १ हजार रुपैया असुल उपरको मात्र व्यवस्थालाई यथावत राख्दै कर छली भएको पाइएमा कर अधिकृतले स्वास्थ्य सेवा कर रकमको २५ प्रतिशत जरिवाना गर्न सक्ने थप व्यवस्था गरेको छ।
- **पुनरावलोकन तथा पुनरावेदन** : स्वास्थ्य सेवा कर नबुझाउने करदाताको कारोवारलाई वन्द गर्न दिएको आदेश एवं कर अधिकृतले स्वास्थ्य सेवा कर निर्धारण गरेको आदेश उपरचित्त नवुझ्ने व्यक्तिले सूचना पाएको मितिले ३० दिन भित्र आन्तरिक राजस्व विभागका महानिर्देशक समक्ष प्रशासकीय पुनरावलोकनको निवेदन दिन सक्ने, यसरी निवेदन दिंदा अविवादित करको रकम सवै र विवादित कर रकमको एक तिहाई नगदै धरौटी राख्नु पर्ने, निवेदन दिने म्याद गुज्रन गएमा ७ दिन भित्र कारण खोली निवेदन दिन सक्ने र महानिर्देशकबाट ३० दिन म्याद थप गर्न सक्ने नयाँ व्यवस्था विधेयकले गरेको छ। त्यसरी पुनरावलोकनको लागि निवेदन दिएको ६० दिन भित्र महानिर्देशकले निर्णय गरिसक्नु पर्ने, सो म्यादमा निर्णय नगरेमा म्याद नाघेको वा निर्णय भएमा निर्णयको सूचना पाएको मितिले ३० दिन भित्र राजस्व न्यायाधिकरणमा पुनरावेदन दिन सक्ने व्यवस्था गर्दै करदाताको पुनरावेदन सम्वन्धी अधिकारको सुनिश्चितता प्रदान गरेको छ। करदाताले त्यसरी पुनरावलोकन तथा पुनरावेदनको लागि निवेदन दिंदा सो को एक प्रति १५ दिन भित्र सम्वन्धित कार्यालयमा दर्ता गराउनु पर्ने उल्लेख गरिएको छ।

### ख. शिक्षा सेवा शुल्क सम्वन्धमाः

- **शुल्क निर्धारण** : स्वास्थ्य सेवा कर तर्फ जस्तै आर्थिक विधेयकको दफा ८ मा कुनै व्यक्ति, संस्था वा निकायले शिक्षा सेवा शुल्क छलेको पाइएमा कर अधिकृतले शिक्षा सेवा शुल्क निर्धारण गर्न सक्ने नयां व्यवस्था आर्थिक विधेयकले गरेको छ। त्यसरी शुल्क निर्धारण गर्दा करदातालाई आफ्नो सफाई पेश गर्न १५ दिनको म्याद दिनु पर्नेछ।
- **व्याज तथा जरिवाना** : शुल्क छली भएको पाइएमा कर अधिकृतले शिक्षा सेवा शुल्क रकमको २५ प्रतिशत जरिवाना गर्न सक्ने थप व्यवस्था गरेको छ। यस अगाडी म्याद भित्र शुल्क दाखिला नगरेमा वार्षिक १५ प्रतिशत व्याज र विवरण दाखिला नगरेमा प्रति विवरण १ हजार रुपैया असुल उपरको मात्र व्यवस्था रहेको थियो।

- **पुनरावलोकन तथा पुनरावेदन :** शिक्षा सेवा शुल्क नबुझाउने करदाताको कारोवारलाई वन्द गर्न आदेश दिन सक्ने व्यवस्थालाई यथावत राख्दै सो आदेश एवं कर अधिकृतले शिक्षा सेवा शुल्क निर्धारण गरेको आदेश उपर चित्त नबुझ्ने व्यक्तिले सूचना पाएको मितिले ३० दिन भित्र आन्तरिक राजस्व विभागका महानिर्देशक समक्ष प्रशासकीय पुनरावलोकनको निवेदन दिन सक्ने, यसरी निवेदन दिंदा अविवादित शुल्कको रकम सबै र विवादित शुल्क रकमको एक तिहाई नगदै धरौटी राख्नु पर्ने, निवेदन दिने म्याद गुज्रन गएमा ७ दिन भित्र कारण खोली निवेदन दिन सक्ने र महानिर्देशकबाट ३० दिन म्याद थप गर्न सक्ने नयां व्यवस्था विधेयकले गरेको छ। त्यसरी पुनरावलोकनको लागि निवेदन दिएको ६० दिन भित्र महानिर्देशकले निर्णय गरिसक्नु पर्ने, सो म्यादमा निर्णय नगरेमा म्याद नाघेको वा निर्णय भएमा निर्णयको सूचना पाएको मितिले ३० दिन भित्र राजस्व न्यायाधिकरणमा पुनरावेदन दिन सक्ने व्यवस्था गर्दै करदाताको पुनरावेदन सम्वन्धी अधिकारको सुनिश्चितता प्रदान गरेको छ। करदाताले त्यसरी पुनरावलोकन तथा पुनरावेदनको लागि निवेदन दिंदा सो को एक प्रति १५ दिन भित्र सम्वन्धित कार्यालयमा दर्ता गराउनु पर्ने उल्लेख गरिएको छ।

## ग. मूल्य अभिबृद्धि कर तर्फ संशोधन, थपघटः

- **परिभाषामा संशोधन तथा थपघटः** ऐनको दफा २ को उपदफा (च १) 'कम्पनी वा निकायको समूह' को परिभाषा मूल ऐनबाट हटाइएको छ। त्यसै गरी उपदफा (छ) को 'आपूर्ति'को परिभाषामा प्रतिफल नलिई भन्ने शव्द थप गरिएको छ। यस व्यवस्था अगाडी आपूर्ति भन्नाले प्रतिफल लिई कुनै वस्तु वा सेवा विक्री, विनिमय, हस्तान्तरण गर्ने कार्य वा तत् सम्वन्धी अनुमती दिने वा ठेक्का पट्टा गर्ने कार्य मात्र रहेकोमा अव प्रतिफल नलिई भएका उपरोक्तानुसारको कार्य समेत आपूर्तिको परिभाषामा समेटिएको छ।

  परिभाषा खण्डकै दफा २ को उपदफा (ज १) को 'ऋण सम्झौता' को परिभाषा मूल ऐनबाट झिकिएको छ । उपदफा (ञ) मा 'निर्यात'को परिभाषामा संशोधन गरी नेपाल भित्रैको निर्यात गृह वा विशेष आर्थिक क्षेत्रमा गरेको विक्रीलाई समेत समावेश गरिएको छ।
- कारोवार विक्रि गर्दा वा दर्ता भएको व्यक्तिको मृत्यू भै हकवालाको नाममा हस्तान्तरण गर्दा दर्ता भएको व्यक्ति वा हस्तान्तरण गरिलिने व्यक्तिले सो कुराको जानकारी विभागलाई दिनु पर्ने गरी दफा ५क को उपदफा (१) मा संशोधन गरिएको छ। संशोधित व्यवस्था अगाडी हस्तान्तरण गरिलिने व्यक्तिको हकमा त्यस्तो व्यवस्था थिएन।
- आफ्नो कूल विक्रिको ६० प्रतिशत भन्दा बढी निकासी गर्ने उद्योगले निकासी गर्ने परिणाम जतीको मालवस्तु उत्पादन गर्न कच्चा पदार्थ पैठारी गर्दा तथा वण्डेड वेयर हाउस मार्फत कर मुक्त पसलको लागि पैठारी गर्ने मालसामनमा लाग्ने कर वापत बैंक प्रत्याभूति राखि पैठारी गर्न सक्ने विद्यमान व्यवस्थामा परिवर्तन गरी कूल विक्रिको ४० प्रतिशत भन्दा बढी निकासी गर्ने उद्योगलाई सो सुविधा प्रदान गरिएको छ भने त्यस्तो सुविधा पाउने व्यक्तिले ऐनको दफा २४(४) बमोजिमको (मिलान गरी बाँकी रहेको रकम फिर्ता पाउन निवेदन दिन सक्ने) सुविधा नपाउने साविक ऐनको व्यवस्थालाई मूल ऐनको दफा ८क को उपदफा (५) बाट झिकिएको छ।
- स्वेच्छाले दर्ता गराउन चाहने सानो कारोवार गर्ने व्यवसायीले दर्ता गराउन सक्ने व्यवस्थामा परिमार्जन गरी मूल्य अभिबृद्धि कर लाग्ने वस्तुको कारोवार गर्ने आयकर ऐन, २०५८ को दफा ४ को उपदपा (४) बमोजिम पूर्व अनुमानित आय विवरण बुझाउने करदाता बाहेकका साना करदाताको हकमा मात्र लागू हुने व्यवस्था गरिएको छ। आयकर ऐन २०५८ को दफा ४ को उपदपा (४) मा निम्न व्यवस्था छ
  - सो आय वर्षमा सो वर्षको नेपालमा श्रोत भएको व्यवसायबाट प्राप्त आय मात्र भएको,
  - औषधि उपचार खर्च वापत दफा ५१ बमोजिम तथा अग्रिम कर कट्टी वापत दफा ९३ बमोजिम कर मिलान दावी नगरेको,
  - व्यवसायबाट प्राप्त आय २ लाख रुपैया तथा व्यवसायको कारोवार २० लाख भन्दा बढी नभएको
- **कारोवारको प्रकृतिको आधारमा अनिवार्य दर्ता हुनु पर्ने व्यवस्था सम्वन्धमाः**
  - ईटा उत्पादन गरी कारोवार गरेमा, मदिरा डिष्ट्रिव्युटर, वाइन सप, सफ्टवेयर, ट्रेकिङ, ऱ्याफ्टिङ, अल्ट्रालाइट फ्लाइट, प्याराग्लाइडिङ, पर्यटक सवारी, क्रसर, स्लेट र ढुंगा उद्योग सम्वन्धी व्यवसाय सञ्चालन गरेमा वा कुनै व्यक्तिले महानगरपालिका, उपमहानगरपालिका, नगरपालिका वा विभागले तोकेको क्षेत्रभित्र हार्डवेयर, सेनिटरी, फर्निचर, फिक्स्चर, फर्निसिङ्ग, अटोमोवाइल्स, मोटर पार्ट्स, इलेक्ट्रोनिक्स, मार्वल, शैक्षिक परामर्श, डिस्को थेक, हेल्थ क्लव, क्याटरिङ्ग सेवा, पार्टी प्यालेस व्यवसाय, पार्किङ सेवा, मेशिनरी उपकरण प्रयोग भएको ड्राईक्लिनर्स, बार सहितको रेष्टुरेण्ट, कलरल्याव, बुटिक, सुटिङ्ग सर्टिङ्गको सामान सहितको टेलरिङ्ग व्यवसाय, शिक्षण संस्था वा स्वास्थ्य संस्था वा अन्य निकायमा युनिफर्म आपूर्ति गर्ने कार्य वा आइसक्रिम उद्योग सञ्चालन गरेमा ३० दिन भित्र कारोवार दर्ताको लागि निवेदन दिनु पर्ने व्यवस्थालाई आर्थिक विधेयक २०७२ ले हटाएको छ।

    अव कारोवारको प्रकृतिको आधारमा उपरोक्तानुसारको कारोवार गर्ने करदाता मू.अ. कर मा अनिवार्य दर्ता हुन नपर्ने भएकोछ।
  - **कारोवारको सिमा वढ्योः** अव अनुसूची १ मा उल्लेखित वस्तु तथा सेवाको कारोवार गर्ने करदाताहरु कारोवार अंकको आधारमा वस्तुको हकमा ५० लाख रुपैया, वस्तु तथा सेवाको मिश्रित कारोवार तथा सेवाको हकमा १० लाख रुपैयासम्म वार्षिक कारोवार गर्ने करदाताले मू.अ करमा दर्ता गराउनु नपर्ने भएको छ। तर २० लाख रुपैया भन्दा कमको करयोग्य वस्तुको कारोवार भई दर्ता कायम रहेका करदातको हकमा आगामी १२ महिनामा ५० लाख रुपैया नपुगेमा खारेजीको लागि कर अधिकृतले आदेश दिनु पर्नेछ। तर स्वेच्छिक रुपमा दर्ता हुन चाहने करदाताले दर्ता कायमै राख्न चाहेमा २०७३ साल आषाढ मसान्त भित्र दरखास्त दिन सक्ने व्यवस्था गर्दै

दर्ता रहेका करदाताहरुको खरिद तथा पैठारीमा तिरेको मिलान गर्न पाउने बाँकी कर, मौज्दातको कर कट्टी र दर्ता खारेजीको प्रकृया तोकिए बमोजिम हुने भनि दफा ११ को उपदफा (१ग) थप गरिएको छ । उच्चस्तरीय कर प्रणाली पुनरावलोकन आयोगले कारोवारको सीमा ७० लाख पुऱ्याउन सिफारिस गरेको थियो ।

- **महानिर्देशकको स्वीकृति लिईरहनु नपर्ने:** म्याद भित्र बुझाउनु पर्ने कर रकम नबुझाएमा कर अधिकृतले दफा २१ को उपदफा (१) को देहायमा उल्लेख भएका तरिकाहरु अपनाई कर असुल गर्दा महानिर्देशकको पूर्व स्वीकृति लिनु पर्ने साविक व्यवस्थामा परिमार्जन गरी स्वीकृति लिनु पर्ने व्यवस्था हटाइएको छ भने कर अधिकृतले नेपाल वाहिर जान रोक लगाएर समेत कर असुल गर्न सक्ने थप व्यवस्था गरिएको छ । त्यसरी कर असूल गरेको जानकारी भने २४ घण्टा भित्र महानिर्देशकलाई दिनु पर्ने नयाँ व्यवस्था ऐनको दफा २१ को उपदफा (२) मा व्यवस्था गरिएको छ ।
- **धरौटी माग गर्न सक्ने:** करदाता नेपाल छाडी जाने वा सम्पत्ति अरुलाई हस्तान्तरण गर्ने, हटाउने वा लुकाउने सम्भावना भई कर असुली हुन नसक्ने अवस्थामा कर अधिकृतले करदातासँग लाग्ने वा लागेको कर तुरन्त निर्धारण गरी कर असुल गर्न वा धरौटी माग गर्न सक्ने गरी दफा २२ संशोधन गरिएको छ । साविकमा तुरुन्त कर निर्धारण गर्न र असुल गर्न सक्ने अधिकार मात्र रहेको थियो ।
- **पुनः निर्यातमा कर फिर्ता:** कुनै वस्तु पुनः निर्यात भई परिवर्त्य मुद्रामा अग्रिम रुपमा भुक्तानी प्राप्त भएमा सम्वन्धित व्यक्तिले खरीदमा तिरेको मूल्य अभिवृद्धि कर बापतको रकम निजलाई फिर्ता दिइने गरी दफा २५ग थप गरिएको छ ।
- **मौज्दात परीक्षणमा बढी देखिएमा जरिवाना:** कुनै करदाताको मौज्दात परीक्षण गर्दा खरीद खातामा उल्लेख भएकोभन्दा बढी वस्तु मौज्दात फेला परेमा कर अधिकृतले त्यस्तो वस्तुको आम्दानी बाध्न लगाई त्यसरी बढी फेला परेको वस्तुको बजार मुल्य कायम गरी सो मूल्यको पचास प्रतिशतले हुने रकम जरिवाना गर्न सक्ने गरी दफा २९ को उपदफा (१ख) थप विधेयकमा गरिएको छ ।
- **मू अ कर फिर्ताको प्रतिशतमा घटवढ:** मोवाइल फोनको मू.अ.कर फिर्ता ६० प्रतिशत वाट घटेर ५० प्रतिशतमा झारिएको छ भने राजस्व परामर्श समितिले दिएको सुझाव मुताविक नै चिनी उद्योगले पाउने मू.अ.कर फिर्ता ७० प्रतिशतबाट बढाएर ९० प्रतिशत पुऱ्याइएको छ ।
- **मूल्य अभिबृद्धि कर नलाग्ने वस्तु तथा सेवा (अनुसूची १)मा थपघट:**

◆ **करछुट हुने वस्तु तथा सेवामा थप:** सोयाबडी मस्यौरा, कृषि वागवानी तथा पुष्प फर्महरुले पैठारी गर्ने ग्रिन हाउस, वीउ उमार्ने तथा रोप्न प्रयोग हुने ट्रे, आँखा उपचारको लागि आवस्यक इन्ट्रा ओकलर लेन्स उत्पादन गर्न आवस्यक यन्त्र उपकरण, सरकारी, सरकारी अनुदान प्राप्त र सामदायिक अस्पतालले पैठारी गर्ने औषधिय एवं शल्य चिकित्सा सम्वन्धी यन्त्र उपकरण तथा औजारहरु र स्वास्थ्य सामाग्री, विद्युत वा व्याट्रीबाट संचालित टेम्पो तथा रिक्सा, कृषि वाली वीमा, पशु वीमा ।

◆ **करछुट हुने वस्तु तथा सेवावाट हटाइएको:** वनस्पती बृद्धि नियामक (प्लान्ट ग्रोथ रेगुलेटर)

## घ. आयकर ऐन, २०५८ मा संशोधन

- पूर्व अनुमानित आय विवरण बुझाउने करदाताले पुरा गर्नु पर्ने अवस्थाहरुमा मूल्य अभिबृद्धि करमा दर्ता नभएको समेत हुनु पर्ने गरी दफा ४ को उपदफा (४)को खण्ड (घ) थप गरिएको छ ।
- **कारोवारमा आधारित कर** (Turnover Tax): आय वर्षमा सो व्यक्तिको नेपालमा श्रोत भएको व्यवसायबाट प्राप्त आय मात्र भएको, दफा ५१ बमोजिम औषधि उपचार खर्च वापत कर मिलान दावी नगरेको, दफा ९३ बमोजिम अग्रिमकर कट्टी दावी नगरेको, व्यवसायको कारोवार वार्षिक २० लाख भन्दा बढी र ५० लाख भन्दा कमभएको, मूल्य अभिबृद्धिकरमा दर्ता नभएको प्राकृतिक व्यक्तिलाई निम्नानुसार कारोवारमा आधारित कर (Turnover Tax) लाग्ने व्यवस्था गरिएको छ:

क. ग्यास चुरोट लगायतका ३ प्रतिशतसम्म कमिशन वा मूल्य थप गरी वस्तुको कारोवार गर्ने व्यक्तिलाई कारोवार रकमको ०.५ प्रतिशत

ख. सो वाहेकको व्यवसाय गर्ने व्यक्तिको कारोवार रकमको १.५ प्रतिशत

ग. सेवा व्यवसाय गर्ने व्यक्तिको कारोवार रकमको २ प्रतिशत

तर त्यसरी गणना गर्दा ५०००।०० भन्दा कम भएमा ५०००।०० रुपैया कर लाग्ने व्यवस्था छ ।

स्मरण रहोस्, यो कारोवारमा आधारित करको व्यवस्था चिकित्सक, इन्जिनियर, लेखा परीक्षक, कानून व्यवसायी, खेलाडी, कलाकार, परामर्शदाता लगायतका प्राकृतिक व्यक्तिले प्रदान गर्ने परामर्श तथा विशेषज्ञ सेवा वापतको आय भएको हकमा भने लागू हुदैंन ।

- **विशेष उद्योगको आयमा लाग्ने करको दर सम्वन्धी:** वर्षभरी नेपाली नागरिकलाई मात्र प्रत्यक्ष रोजगारी दिएको बिशेष उद्योग, कृषिजन्य उद्योग र पर्यटन क्षेत्रसँग सम्बन्धित उद्योगलाई सो वर्षको आयमा लाग्ने करको सत्तरी प्रतिशत मात्र कर लाग्ने तर यो सुविधा प्राप्त गर्ने उद्योगले कम्तिमा एक सय जनालाई रोजगारी प्रदान गरेको हुनु पर्नेछ भनी ऐनको दफा ११ को उपदफा (३) को खण्ड (क१) थप गरिएको छ ।
- **विशेष आर्थिक क्षेत्रमा स्थापित उद्योगले वितरण गर्ने लाभांशमा लाग्ने करमा छुट:** विशेष उद्योग, कृषिजन्य उद्योग र पर्यटन क्षेत्रसँग सम्बन्धित उद्योगले आफ्नो संचित मुनाफालाई सोही उद्योगको क्षमता विस्तारको लागि शेयरमा पूँजीकरण गरेको अवस्थामा त्यस्तो पूँजीकरणमा लाभांश वितरण स्वरुप लाग्ने लाभांश करमा शत प्रतिशत छुट हुने गरी ऐनको दफा ११ को उपदफा (३क) को खण्ड (ङ) थप गरिएको छ ।
- **पुनर्निर्माण कोषमा योगदान रकम घटाउन पाउने:** कुनै व्यक्तिले कुनै आय वर्षमा प्रधानमन्त्री दैवी प्रकोप उद्दार कोष र नेपाल सरकारले स्थापना गरेको पुनर्निर्माण कोषमा योगदान गरेको रकम सो वर्षको करयोग्य आय गणना गर्दा घटाउन सक्ने गरी ऐनको दफा १२ख थप गरिएको छ ।
- **मर्मत तथा सुधार खर्च कट्टीको सीमा लागू नहुने:** नेपाल सरकारले तोकेका भूकम्प प्रभावित जिल्लामा क्षति भएको सम्पत्तिको

मर्मत सम्भार खर्चमा करदाताले चाहेमा सम्पत्ति समूहको ह्रास आधारको ७ प्रतिशत रकम मर्मत तथा सुधार खर्च कट्टी पाउने सीमा आ.व. २०७३।७४ सम्मको लागि लागू हुने व्यवस्था दफा १६ को उपदफा (२) मा गरिएको छ।

- **मृत्यू वापत प्राप्त हुने क्षतिपूर्ति रकम आयमा समावेश गर्नु नपर्ने:** कुनै प्राकृतिक व्यक्तिको मृत्यू वापत क्षतिपूर्ति रकम प्राप्त गरेमा कुनै व्यक्ति वा निजको सम्वद्ध व्यक्तिले रोजगारी, व्यवसाय वा लगानी भएको आयको गणना गर्दा आयमा समावेश गर्नु नपर्ने गरी आयकर ऐन २०५८ को दफा ३१ को प्रतिबन्धात्मक खण्डमा थप गरिएको छ।
- **सवारी साधनको भाडा वापत भुक्तानी रकममा अग्रिम कर कट्टीको दर:** मूल्य अभिबृद्धि करमा दर्ता भई सवारी साधन भाडामा दिने व्यवसाय गर्ने व्यक्तिलाई त्यस्तो सवारी साधनको भाडा बापत भुक्तानी गर्ने रकममा एक दशमलव पाँच प्रतिशतले कर कट्टी गर्नु पर्ने गरी त्यस्तो भाडा भुक्तानीमा करको दर स्पष्ट पारिएको छ।
- **अग्रिम कर कट्टी गरिएको कर दाखिला गर्ने समय:**
  - क. प्राकृतिक व्यक्तिको व्यवसायसँग सम्वन्धित नभएको घर वहाल आयमा लाग्ने कर चालु वर्षको असार मसान्तभित्र
  - ख. कारोबारको आधारमा कर तिर्ने (२० लाख भन्दा माथि तर ५० लाख भन्दा कम कारोवार) व्यक्तिले परिच्छेद १७ बमोजिम कट्टा गरिएको अग्रिम कर किस्तावन्दी कर तिर्ने समयमा दाखिला गर्नु पर्नेछ।
- सहकारीले भुक्तानी दिएको नेपालमा स्रोत भएको र व्यवसाय सञ्चालनसँग सम्वन्धित नभएको प्राकृतिक व्यक्तिलाई भुक्तानी गरेको व्याज तथा कर छुट पाउने संस्थालाई भुक्तानी गरेको व्याजलाई अन्तिम रुपमा कर कट्टी हुने भुक्तानी मानिएको छ। (दफा ९२ को उपदफा (१) को खण्ड (ङ))
- कारोवारको आधारमा कर तिर्ने व्यक्तिले निम्नानुसार किस्तामा कर दाखिला गर्नुपर्ने व्यवस्था विधेयक मार्फत् गरिएको छ।

| दाखिला गर्नु पर्ने मिति | दाखिला गर्नु पर्ने रकम |
|---|---|
| पुस महिनाको अन्त्यसम्म | पुस २० गतेसम्मको कारोवारमा तोकिएको करको दर अनुसार लाग्ने कर |
| आषाढ महिनाको अन्त्यसम्म | असार २० गते सम्मको यथार्थ कारोबारको आधारमा असार महिनाको अन्त्यसम्म हुने कारोबार अनुमान गरी तोकिएको दर अनुसार लाग्ने करको गणना गरी सो कर रकमबाट पुस मसान्तभित्र दाखिला गरेको कर घटाई हुन आउने कर रकम। |

- चालिस लाख भन्दा बढी आय हुनेले आय विवरण पेश गर्नु पर्ने
  वार्षिक चालिसक लाख भन्दा बढी आय हुने व्यक्तिले आयकर ऐन २०५८ को दफा ९६ बमोजिम आय विवरण पेश गर्नु पर्ने र त्यसरी विवरण पेश गर्दा आकस्मिक लाभ वापतको रकम, दफा १०, ५४ र ६९ अनुसार छुट पाउने रकम, लाभांश रकम, अन्तिम रुपमा कर कट्टी हुने रकम तथा व्यवसायिक छुट सुविधावाट प्राप्त आय समेत समावेश गर्नु पर्ने तर वैठक भत्ता र व्याज आय भने समावेश गर्नु नपर्ने व्यवस्था ऐनको दफा ९७ को उपदफा (२) र (३) मा गरिएको छ। राजस्व परामर्श समिति २०७२ ले २५ लाख भन्दा बढी आय हुनेले यस्तो विवरण पेश गर्नु पर्ने व्यवस्थाका लागि सिफारिस गरेको थियो।
- बैंक, वित्तीय संस्था तथा वीमा कम्पनीहरुको मर्जरको म्याद आशयपत्रको लागि २०७३ आषाढ र पूर्णताका लागि २०७४ आषासम्म बढाइएको छ।
- करको दर (अनुसूची १)मा परिवर्तन : सवारी साधनको करमा बृद्धिः भाडाका सवारी साधन धनीहरुबाट आ.व. २०७२/०७३ मा निम्नानुसारको वार्षिक कर असूल गरिने

| सवारीको किसिम | प्रति सवारी साध( नमा बुझाउनु पर्ने वार्षिक कर (रु.) (२०७१/०७२) | प्रति सवारी साध( नमा बुझाउनु पर्ने वार्षिक कर (रु.) ( २०७२/०७३) |
|---|---|---|
| (क) मिनिबस, मिनि ट्रक, ट्रक र बस | १५००।०० | ३०००। |
| (ख) कार, जिप, भ्यान, माइक्रो बस | १२००।०० | २४००। |
| (ग) थ्रि ह्विलर, अटो रिक्सा, टेम्पो | ८५०।०० | १५५०। |
| (घ) ट्रेक्टर र पावर टिलर | ७५०।०० | १०००। |

- आ.व. २०७२/०७३ मा गुट्खा र पान मसलामा ३० प्रतिशतका दरले कर लाग्ने व्यवस्था गरिएको छ।
- स्वास्थ्य वीमा वापत भुक्तानी गरेको प्रिमियम घटाउन पाइने:
  कुनै वासिन्दा प्राकृतिक व्यक्तिले वासिन्दा वीमा कम्पनीसँग स्वास्थ्य वीमा गरेको रहेछ भने सो वापत भुक्तानी गरेको वार्षिक प्रिमियम वा वीस हजार रुपैयामा जुन घटी हुन्छ सो रकम करयोग्य आयवाट घटाई बाँकी रकममा मात्र करको गणना गरिने गरी अनूसूची १ को दफा १ को उपदफा (१६) थप गरिएको छ।
- पूजिकृत सम्पत्तिको पूजिंगत रकमको ५० प्रतिशत ह्रास खर्च वापत कट्टी गर्न पाइने : कुनै व्यक्तिले आफ्नो

व्यवसायिक प्रयोजनको लागि आवश्यक पर्ने उर्जाशक्ति उत्पादन गर्न पूजींकृत गरेको सम्पत्तिको पूंजीगत रकमको ५० प्रतिशत सोही वर्ष ह्रास खर्च वापत कट्टी दावी गर्न सक्ने व्यवस्था विधेयक मार्फत गरिएको छ साविकमा उत्पादनमूलक उद्योगलाई मात्र यस्तो सुविधा थियो ।

- निवृत्तिभरण वापतको आयमा सामाजिक सुरक्षाकर नलाग्ने । उच्चस्तरीय कर प्रणाली पुनरावलोकन आयोग तथा राजस्व परामर्श समिति दुवैले सो व्यवस्था हटाउनु पर्ने सिफारिस गरेका थिए ।

### ङ. अन्त:शुल्क ऐन, २०५८ मा संशोधन

१. **सूर्तिजन्य उद्योगमा भौतिक नियन्त्रणको व्यवस्था हट्यो :**
अन्त:शुल्क असुलीको लागत तथा करदाताको कर सहभागिता कम गर्ने उद्देश्य तथा सरकारको भौतिक नियन्त्रणबाट प्रविधि नियन्त्रण तर्फ जाने नीति अनुरुप यस वर्षदेखि सूर्तिजन्य पदार्थ उत्पादन गर्ने उद्योगमा भौतिक नियन्त्रणको व्यवस्था हटाइएको छ । उच्च स्तरीय कर प्रणाली आयोगले यसको मूल्यांकनको आधारमा मदिरामा समेत यस्तो व्यवस्था लागू गर्न सुझाव दिएको थियो ।

२. **सहायक कच्चा पदार्थ र प्याकिङ सामग्रीमा अन्तशुल्क कट्टा नहुने :**
अन्त:शुल्क कट्टा गर्दा सहायक कच्चा पदार्थ र प्याकिङ सामाग्रीमा तिरेको अन्त:शुल्क कट्टा गर्न नपाइने व्यवस्थालाई थप स्पष्ट पार्नको लागि सो विषयलाई ऐनमा नै स्पष्ट उल्लेख गरिएको छ ।

३. **आर्थिक विधेयकले नेपाल सरकारको विकासी प्रवर्द्धन गर्ने नीतिलाई समेत आत्मसात गर्दै निम्नानुसारको नयाँ व्यवस्था गरेको छ :**

- **निकासी वस्तुमा प्रयोग हुने कच्चा पदार्थमा तिरेको रकम वस्तु निस्कासनमा कट्टी गर्न पाउने:** अन्त:शुल्क लाग्ने वस्तु उत्पादन गरी विदेश निकासी गर्ने उद्योगले अन्त:शुल्क लाग्ने वस्तु निकासी गरेको परिमाण उत्पादन गर्दा प्रयोग भएको कच्चा पदार्थ खरिद वा आयात गर्दा तिरेको अन्त:शुल्क वस्तु निस्कासन गर्दा तिर्नु पर्ने रकममा कट्टा गर्न पाउने नयां व्यवस्था विधेयक मार्फत गरिएको छ ।
- **अन्त:शुल्क फिर्ता पाउने:** मिलान हुन नसकेको अन्त:शुल्क रकम फिर्ताको लागि निवेदन दिन सक्ने र निवेदन मनासिव भए ६० दिन भित्र फिर्ता दिनु पर्ने, यसरी फिर्ता दावी गर्ने सूर्तिजन्य र मदिराजन्य पदार्थ तथा पान मसलाको निकासीमा कम्तीमा १५ प्रतिशत मूल्य अभिबृद्धि भएको हुनु पर्ने, फिर्ता दावी गर्दा विवरण बुझाउनु पर्ने अवधि समाप्त भएको मितिले १ वर्ष भित्र दावी गर्नु पर्ने त्यसरी दावी नगरेमा फिर्ता नपाउने स्पष्ट व्यवस्था गरिएको छ ।

४. **मदिरा तथा सूर्तिजन्य पदार्थको कारोवार गर्नेले सो को मात्र कारोवार गर्न पाउने:** मदिरा तथा सूर्तिजन्य पदार्थको उपभोगले स्वास्थ्य तथा वातावरणमा समेत नकरात्मक असर पार्ने भएकोले यसको विक्रि वितरणलाई व्यवस्थित गर्नु जरुरी हुन्छ यसै कुरालाई हृदयंगम गरी विधोयक मार्फत होटेल तथा रेष्टुरेन्ट व्यवसाय बाहेक महानगरपालिका, उपमहानगरपालिका, नगरपालिका क्षेत्रभित्र र विभागले तोकेको प्रमुख राजमार्ग क्षेत्रमा मदिराको कारोबार गर्ने व्यवसायीले मदिरा र सूर्तिजन्य बस्तुको मात्र कारोबार गर्न पाउने व्यवस्था गरिएको छ तर डिपार्टमेण्टल स्टोरले मदिराको अलग्गै बिक्री कक्ष राखी कारोबार गर्न पाउने छ ।

५. **स्टोन क्रसरलाई अन्त:शुल्क लाग्ने साविक व्यवस्थालाई हटाइएको छ ।**

### च. छुट तथा सहुलियत

#### १. शुल्क तथा व्याज मिन्हा :

चिकित्सक, कलाकार, पत्रकार, खेलाडी, इन्जिनियर, कानून व्यवसायी, लेखापरीक्षक, परामर्श सेवा प्रदायक, सेवानिवृत्त, वहालवाला वा सार्वजनिक पद धारण गरेका पदाधिकारी, कर्मचारी, शिक्षक, प्राध्यापक लगायतका प्राकृतिक व्यक्तिले आय वर्ष २०६८/०६९, २०६९/०७० र २०७०/०७१ को आय विवरण र सो अनुसार लाग्ने कर २०७२ साल पौष मसान्तसम्म दाखिला गरेमा सोमा लाग्ने शुल्क तथा ब्याज समेत मिन्हा हुनेछ । साथै सोभन्दा अघिका वर्षहरुको आय विवरण पेश गर्नु नपर्ने व्यवस्था गरिएको छ ।

#### २.पूर्व अनुमानित कर विवरण पेश गर्ने करदाताको लागि विशेष व्यवस्था

भूकम्पबाट पूर्ण रुपमा व्यवसाय ध्वस्त भई राहत प्राप्त गरेका र जिल्ला दैवी प्रकोप उद्धार समितिबाट प्रमाणित भएका पूर्व अनुमानित आय विवरण बुझाउने साना करदाताले त्यस्तो प्रमाण सहित आय विवरण बुझाएमा आर्थिक वर्ष २०७१।७२ मा लागेको आयकर र घर बहाल कर मिन्हा हुनेछ । साथै त्यस्ता करदाताको आर्थिक वर्ष २०७२।७३ को लागि अन्त:शुल्क इजाजत नवीकरण दस्तुर लाग्ने भएमा सो समेत मिन्हा हुनेछ ।

#### ३. बक्यौता कर मिन्हा सम्बन्धी विशेष व्यवस्था

आयकर ऐन, २०३१ बमोजिमको आयकर र मूल्य अभिबृद्धि कर ऐन, २०५२ ले प्रतिस्थापन गरेका होटेल कर, मनोरञ्जन कर, ठेक्का कर र बिक्रीकर ऐन बमोजिम २०६० साल असार मसान्तसम्म लगत कायम भई असुल उपर हुन नसकेका बक्यौता करमध्ये प्रति लगत बीस हजार रुपैयासम्मको बक्यौता कर र सोमा लागेको ब्याज मिन्हा गरिएको छ ।

#### ४. क्रसर उद्योगको इजाजत सम्बन्धी विशेष व्यवस्था

उद्योग दर्ता गरी विगतमा विभिन्न कारणले सञ्चालन हुन नसकी अन्त:शुल्क इजाजतपत्र नलिएका वा इजाजतपत्र नवीकरण नगरेका क्रसर उद्योगले आर्थिक वर्ष २०७२।७३ को लागि २०७२ साल असोज मसान्तभित्र अन्त:शुल्क इजाजतपत्र लिई कारोबार सञ्चालन गरेमा सोभन्दा अघि लागेको इजाजत दस्तुर, विलम्ब दस्तुर, जरिवाना र ब्याज मिन्हा हुनेछ ।

#### ५. साना जलविद्युत आयोजनाहरुको मूल्य अभिबृद्धि कर फिर्ता सम्बन्धी व्यवस्था

शून्य दरको सुविधा पाउनु पर्ने नाफा नकमाउने उद्देश्य भएका समुदायमा आधारित उपभोक्ता समितिबाट निर्माण तथा सञ्चालन भएका वा हालसम्म शून्यदरको सुविधा नलिएका साना जलविद्युत आयोजना (ठेक्का सम्झौताबाट कार्य सम्पादन गराएका आयोजनाहरु समेत) लाई ती आयोजनाले भुक्तानी गरेको मूल्य अभिवृद्धि कर वैकल्पिक उर्जा प्रबर्द्धन केन्द्रबाट स्वीकृत हुनेको हकमा सो केन्द्रको र अन्य साना जल विद्युत आयोजनाको हकमा विद्युत विकास विभागको सिफारिसमा आन्तरिक राजस्व विभागले तोकेको प्रक्रिया बमोजिम फिर्ता दिइनेछ । साविकमा सिफारिस सम्वन्धी व्यवस्था रहेको थिएन ।

#### ६. निवृतभरण बापतको आयमा कर नलाग्ने :

निवृत्तिभरण वापतको आयमा लाग्दै आएको १ सामाजिक सुरक्षा कर आ.व. २०७२।०७३ मा नलाग्ने भएको छ । उच्च स्तरीय कर प्रणाली आयोगले निवृत्तिभरणमा सामाजिक सुरक्षा कर लाग्ने व्यवस्था हटाउन सिफारिस समेत गरेको थियो ।

**नेपाल सरकार**
**अर्थ मन्त्रालय**
**आन्तरिक राजस्व विभाग**

# रोजगारी (पारिश्रमिक) आयको कर गणनाको सूचना

आयकर नियमावली २०५९ को नियम २३ बमोजिम निर्धारणयोग्य आय आर्जन गर्न चाहने जुनसुकै व्यक्तिले त्यस्तो आय आर्जन गर्नु अगावै स्थायी लेखा नम्बर प्राप्त गरि सक्नुपर्ने प्रावधान रहेको हुँदा रोजगारीको आय प्राप्त गर्नु हुने सबै व्यक्तिले आ.व. २०७२/०७३ मा स्थायी लेखा नम्बर लिनु हुन र पारिश्रमिक भुक्तानीमा आयकर ऐन, २०५८ को अनुसूची १ को दफा १ बमोजिम निम्नानुसार कर गणना गर्दा हुन आउने वार्षिक कर रकमलाई मासिक रुपमा विभाजन गरी पारिश्रमिक भुक्तानीको समयमा कट्टी गरी समयमै दाखिला गर्नु गराउनु हुन सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।

### आय तथा करको दर

| बासिन्दा प्राकृतिक व्यक्ति (एकलका लागि) | बासिन्दा प्राकृतिक व्यक्ति (दम्पतीको लागि) |
|---|---|
| १. वार्षिक रोजगारीको करयोग्य आयको पहिलो रु. दुई लाख पचास हजार रुपैयासम्म एक प्रतिशत। | १. वार्षिक रोजगारीको करयोग्य आयको पहिलो रु. तीन लाखसम्म एक प्रतिशत। |
| २. वार्षिक दुई लाख पचास हजार रुपैया भन्दा बढी तर तीन लाख पचास हजार रुपैयासम्मको हकमा पन्ध्र प्रतिशत। | २. वार्षिक तीन लाख रुपैया भन्दा बढी तर चार लाख रुपैयासम्मको हकमा पन्ध्र प्रतिशत। |
| ३. वार्षिक तीन लाख पचास हजार रुपैया भन्दा बढी तर पच्चीस लाख रुपैयासम्मको हकमा पच्चीस प्रतिशत। | ३. वार्षिक चार लाख रुपैया भन्दा बढी तर पच्चीस लाख रुपैयासम्मको हकमा पच्चीस प्रतिशत। |
| ४. वार्षिक पच्चीस लाख रुपैया भन्दा बढीको करयोग्य आय हुनेको हकमा पच्चीस लाख रुपैया सम्मका लागि माथि बुंदा ३ मा उल्लेख भएबमोजिम र सो भन्दा बढीको करयोग्य आय हुनेको हकमा पच्चीस प्रतिशतका दरले हुने रकम र सो रकममा थप चालिस प्रतिशतका दरले अतिरिक्त कर लाग्ने।<br>तर निवृत्तिभरण वापतको आयमा १ प्रतिशत कर नलाग्ने। | ४. वार्षिक पच्चिस लाख रुपैयां भन्दा बढीको करयोग्य आय हुनेको हकमा पच्चीस लाख रुपैया सम्मका लागि माथि बुंदा ३ मा उल्लेख भएबमोजिम र सो भन्दा बढीको करयोग्य आय हुनेको हकमा पच्चीस प्रतिशतका दरले हुने रकम र सो रकममा थप चालीस प्रतिशतका दरले अतिरिक्त कर लाग्ने।<br>तर निवृत्तिभरण वापतको आयमा १ प्रतिशत कर नलाग्ने। |

### उदाहरण: बार्षिक रू. एक करोड आय प्राप्त हुने व्यक्तिको कर गणना

| बासिन्दा प्राकृतिक व्यक्ति (एकलका लागि) | बासिन्दा प्राकृतिक व्यक्ति (दम्पतीको लागि) |
|---|---|
| १. वार्षिक रोजगारीको करयोग्य आयको पहिलो रु. दुई लाख पचास हजार रुपैयासम्म एक प्रतिशतका दरले कर लाग्ने रु २५००।- | १. वार्षिक रोजगारीको करयोग्य आयको पहिलो रु. तीन लाखसम्म एक प्रतिशतका दरले कर लाग्ने रु ३,०००।- |
| २. वार्षिक दुई लाख पचास हजार रुपैया भन्दा बढी तर तीन लाख पचास हजार रुपैयासम्मको हकमा पन्ध्र प्रतिशतका दरले कर लाग्ने रु १५०००।- | २. वार्षिक तीन लाख रुपैया भन्दा बढी तर चार लाख रुपैयासम्मको हकमा पन्ध्र प्रतिशतका दरले कर लाग्ने रु १५,०००।- |
| ३. वार्षिक तीन लाख पचास हजार रुपैया भन्दा बढी तर पच्चीस लाख रुपैयासम्मको हकमा पच्चीस प्रतिशतका दरले कर लाग्ने रु ५३७५०००।- | ३. वार्षिक चार लाख रुपैया भन्दा बढी तर पच्चीस लाख रुपैयासम्मको हकमा पच्चीस प्रतिशतका दरले कर लाग्ने रु ५,२५,०००।- |
| ४. पच्चीसलाख रुपैयाभन्दा बढिको रु पचहत्तर लाखमा पच्चीस प्रतिशतले हुने रु १८७५०००।- | ४. पच्चिसलाख रुपैयाभन्दा वढिको रु पचहत्तर लाखमा पच्चीस प्रतिशतले हुने रु १८,७५,०००।- |
| ५. आयकर ऐन २०५८ को अनुसुचि १ को दफा १(घ) वमोजिम पच्चीसलाख माथिको रु पचहत्तर लाखमा पच्चिस प्रतिशतले हुने रु अठार लाख पचहत्तर हजारको थप चालिस प्रतिशतले हुने अतिरिक्त कर रु ७,५०,०००।- | ५. आयकर ऐन २०५८ को अनुसुचि १ को दफा १(घ) वमोजिम पच्चिसलाख माथिको रु पचहत्तर लाखमा पच्चिस प्रतिशतले हुने रु अठार लाख पचहत्तर हजारको थप चालिस प्रतिशतले हुने अतिरिक्त कर रु ........७,५०,०००।- |
| जम्मा कर रु ३१,८०,०००।- | जम्मा कर रु ३१,६८,०००।- |

## छुट हुने रकमहरू

१. पारिश्रमिक आय हुने व्यक्तिलाई दुर्गम भत्ता वापत आयकर नियमावली २०५९ को नियम ३८ बमोजिम "क" वर्गका क्षेत्रमा रु. ५० हजार रुपैयां "ख" वर्गमा रु. ४० हजार रुपैयां "ग" वर्गका क्षेत्रमा रु. ३० हजार, "घ" वर्गका क्षेत्रमा रु. २० हजार र "ङ" वर्गका क्षेत्रमा: रु. १० हजार रुपैयाँ थप वार्षिक करयोग्य आयमा कर छुट हुने।

२. नेपाल सरकारका विदेश स्थित कुटनैतिक नियोगमा कार्यरत कर्मचारीको वैदेशिक भत्ताको ७५ प्रतिशत रकम करयोग्य आयबाट घटाई बाँकी आयमा करको गणना गर्नुपर्ने।

३. बासिन्दा प्राकृतिक व्यक्तिको निवृत्तिभरण आयको हकमा करछुट हुने रकमको सीमामा २५ प्रतिशत रकम (हाल ३ लाखको २५ प्रतिशतले ७५ हजार) गरी रु ३ लाख र ७५ हजार छुट गरी बाँकी आयमा करको गणना गर्नुपर्ने।

४. अवकास योगदान गर्दा तीन लाख रुपैया वा निर्धारणयोग्य आयको एक तिहाई मध्ये जुन घटी छ सोही रकम आफ्नो निर्धारणयोग्य आयवाट घटाउन पाउने। जस्तै माथिको वार्षिक आय रु १ करोडमा एक तिहाई रकम रु ३३ लाख ३३ हजार ३ सय ३३ मात्र हुन्छ। तर तीन लाख रुपैया वा एक तिहाइ जुन घटी हुन्छ सोही रकम करयोग्य आयवाट घटाउन पाउने भएकोले तीन लाख करयोग्य आयवाट घटाउन पाउने।

५. अपाङ बासिन्दा प्राकृतिक व्यक्ति वा दम्पतिको हकमा कर छुट हुने आयमा ५० प्रतिशत रकम थप गरि करयोग्य आयबाट घटाई करको गणना गर्नुपर्ने । जस्तै माथिको वार्षिक आय रु १ करोड हुने अपाङ व्यक्ति वा दम्पत्ति भएमा प्राकृतिक व्यक्तिको हकमा पहिलो २,५०,०००।- मा १ प्रतिशत कर लाग्ने र २,५०,०००।- को पचास प्रतिशत रु १,२५,०००।-मा कर छुट हुने। त्यस्तै दम्पत्तिको हकमा पहिलो तिनलाखमा १ प्रतिशत कर लाग्ने र सो को पचास प्रतिशत रु १,५०,०००।- मा कर छुट हुने।

६. पारिश्रमिक आय मात्र भएको बासिन्दा प्राकृतिक व्यक्ति महिला भएमा कूल कर रकममा १० प्रतिशत छुट हुने । जस्तै माथिको आयमा करको गणना गर्दाको कर रु ३१,८०,०००।- मा १० प्रतिशत रु ३,१८,०००।- हुँदा बाँकी रु २८,६२,०००।- मात्र दाखिला गर्नुपर्ने । तर महिलाले दम्पत्ती छनोट गरेको रहेछ भने सो १० प्रतिशत छुट नपाउने।

७. लगानी वीमा प्रिमियम कट्टी: वार्षिक वीमा प्रिमियम वा बीस हजार रुपैयाँमा जुन घटी हुन्छ सोही रकम करयोग्य आयवाट घटाई करको गणना गर्नुपर्ने ।

८. वासिन्दा वीमा कम्पनीसंग गरेको स्वास्थ्य वीमा वापत भुक्तानी गरेको वार्षिक प्रिमियम वा बीस हजार रुपैयाँमा जुन घटी हुन्छ सोही रकम करयोग्य आयवाट घटाई करको गणना गर्नुपर्ने ।

८. औषधी उपचार वापत रु ७५०।- तिर्नुपर्ने करबाट मिलान गर्न सकिने छ ।

९. कुनै एक व्यक्तिले एक भन्दा बढी सुविधा पाउने भएमा अधिकतम सुविधाको कुनै एक जस्तो महिला, अपाङ छ भने महिला वा अपाङ कुनै एकको सुविधा छनौट गरी छुट लिन पाउने छ।


**संरक्षक**
चुडामणि शर्मा

**सल्लाहकार**
राममणि दुवाडी
अर्जुनप्रसाद पोखरेल
चन्द्रकला पौडेल
लक्ष्मीप्रसाद यादव

**प्रकाशक**
आन्तरिक राजस्व विभाग
लाजिम्पाट, काठमाडौं
फोन नं.: ०१-४४१५८०२, ४४१५८०३, ४४१९७१९
Email: taxbulletin@ird.gov.np
website: www.ird.gov.np

**संयोजन**
दीपक अधिकारी

**सम्पादन समूह**
सम्झना बराल
लालबहादुर खत्री
शिवलाल तिवारी
प्रकाश शर्मा ढकाल
आनन्द काफ्ले